Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २८, २०७६ साल फागुन २७ गते मंगलबार (March 10, 2020) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# कोरोना सन्त्रास मानिसको मनभित्र

- कोरोना भाइरस विश्वभर फैलिदै ।
- कोरोनाको वास्ताविकता भन्दा भ्रमको त्रास बढी ।
- उद्योग विभागको आग्रह: दश महिनालाई सामान मौज्दात रहेको दावी ।

कोरोना भाईरसले बिश्वका मानिसहरुमा पारेको असरवाट बिश्वका मानिसहरुले यो रोगसँग कसरी लड्न सकिन्छ भनेर बिभिन्न तरिकाहरु अपनाईरहेका छन् । बिकसीत राष्ट्रहरुले त भए भरका मानिसहरुलाई नै क्याम्पमा राखेर उपचार गर्ने देखि लिएर अपनाउनु पर्ने सम्पुर्ण विधिहरु अपनाउन थालेको समाचार आईरहेका छन् ।

बिश्वकै शक्तिसाली राष्ट्र अमेरिका र चीनले समेत उक्त रोगसँग जुझ्न सवै संयन्त्र प्रयोग गरेका छन् । त्यसैगरी इरोपियन राष्ट्र इटलीले त भएभरका मानिसहरुलाई बिभिन्न क्याम्प बनाएर उपचारको काम गरिरहेको छ । चीनले त आफ्नै देशमा उक्त कोरोनाको औषधी उत्पादन गरेको दावी गरेको छ । र बिभिन्न देशले कोरोनासँग लड्न अनेक खालका उपायहरु सुझाई राखेका छन् । कोरोनाको रोग लागोस या नलागोस बिश्वभर यसैको मात्र अहिले चर्चा भईरहेको छ । मानिसहरुमा संक्रमण लाग्नु भन्दा पनि हल्ला धेरै भएर बिकराल रुप लिएको जस्तो देखिन्छ । कोरोना भाईरस लागेमा उपचार हुन्छ भन्नेमा स्वास्थ्यकर्मीहरुले बाराम्वार भनिरहेका छन् र पनि मानिसहरु किन आत्तिरहेका छन् । यो मनोबैज्ञानिक असर जताततै छ । त्यसकारण यो हौवा फैलाउन जो जो ले भुमिका खेलिरहेका छन् तिनै मानिसहरु तिनै राष्टूहरुले जसरी कम्प्युटर बनाउनेले भाइरस बनाएर एन्टी भाइरस बनाउदै बिश्व बजारमा ब्यापार गरिरहेको छ । त्यस्तै त कतै कुनै शक्तिसाली राष्टूहरुले यस्तो काम त गरेका छैनान् भन्ने शंका पनि कता कता उठ्न थालिसकेको छ ।

बिकशित राष्टूका मानिसहरुमा त चेतना बिकाश लगायत ब्यवस्थापन राम्रो हुन्छ र त्याहाको मानिसहरुमा खासै असर पुग्ने देखिदैन तर कम बिकशित र अल्पबिकशित , राष्टूका जनताहरुको लागि त यो कोरोनाको भाईरसले भन्दा पनि अन्य अरु त्रासले मानिसहरुमा मनोबैज्ञानिक असर पारिरहेको देखिन्छ । कोरोना रोग लाग्यो भने त निको हुन्छ । तर मनोबैज्ञानिक असरले मानिसको होसहवास उडेर हरेक परिवारमा त्रासको बातावरण बनिरहेको छ । त्यसको असर नेपालमा पनि पर्न थालेको देखिन्छ मानिसहरुले त्रासको कारण बजारवाट आवाश्यक भन्दा बढी सामानहरु खरिद गर्ने अत्यआवाश्यक सामान जस्तै ग्याँस, तेल लगायत सामान अभाव हुन्छ भने बढी खरिद गर्दा बजारको सन्तुलन बिग्रेको देखिन्छ यस्ता असरहरुले समाजमा राष्टूमा निक्कै डरलाग्दो अवस्था सृर्जना हुन्छ हुनत नेपालको आपुर्ति बिभागले नेपाललाई १० महिनालाई पुग्ने सामानहरु स्टक रहेको बताइरहेको छ । तर मानिसहरु आत्तिएर सामानहरु स्टोर गरिरहेका छन् । त्यसैले नेपालले पनि कोरोनाको उपचारमा त ध्यान दिनैपर्छ भने बजारमा हुन सक्ने किर्तिम अभाव र प्रत्यक्ष प्रत्येक दिन काम गरेर जीविको पार्जन बाँकी २ पृष्ठमा

# मोहन कार्कीले भेटे महासचिव

नेकपा (माले)का महासचिवलाई हस्पिटलमा पुगेर केन्द्रिय सदस्य मोहन कार्कीको नेतृत्वमा रामेछाप जिल्ला कमिटीले स्वास्थ्य लाभको कामना गरेको छ । गएको शनिवार नेकपा (माले) का महासचिव सिपी मैनालीलाई नेकपा (माले)का केन्द्रिय सदस्य मोहन कार्कीको नेतृत्वमा गएको रामेछाप जिल्ला कमिटी र शुभचिन्तक टोलीले ग्रान्डी हस्पिटलमा पुगि महासचिवलाई शीघ्र स्वास्थ्य लाभको कामना गरेका हुन् ।



कार्कीले महासचिवलाई रामेछाप जिल्ला कमिटीको तर्फबाट शीघ्र स्वास्थ्यलाभको कामना सुनाउनु भएको थियो र पार्टीको जिल्लामा राम्रो काम भइरहेको बताउनु भएको थियो । महासचिवले संवाद गर्दै उत्साहका साथ मेरो स्वास्थ ठिक हुँदै छ । तपाईंहरुले मेरो स्वास्थको कामना गर्नु भएकोमा धन्यवाद भन्नुहुदै छिटै म हस्पिटलवाट डिस्चार्ज हुँदै छु । रामेछापका मलाई स्वास्थलाभको कामना गर्नुहुने सबैलाइ तपाई मार्फत धन्यवाद भनिदिनु होला भन्नुभयो ।

त्यसपछी धेरै समय बोलचाल गर्न नमिल्ने भएको हुनाले पार्टिका स्थाइ कमिटी सदस्य तथा सङ्ठन बिभाग प्रमुख डम्बर श्रेष्ठले महासचिवलाई बढी आराम चाहिन्छ भनेर सुनाउनु भएपछि कार्कीको टिम फर्किएको थियो । महासचिव झापावाट काठमाडौं आउने क्रममा यहि बाँकी २ पृष्ठमा

# राप्रपाहरूको एकता कतिञ्जेलसम्म बखेडा

काठमाडौं । कमल थापा नेतृत्वको राप्रपा र पशुपति शमशेर राणा तथा डा प्रकाशचन्द्र लोहनी अध्यक्ष रहेको राप्रपा संयुक्तबीच अन्ततः एकता गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।



लामो छलफलपछि शनिबार राति दुई पार्टी एकता गर्ने सहमतिमा पुगेका हुन् । राजधानीको लाजिम्पाटमा थापा, राणा र लोहनीसहित शीर्ष नेताहरुको छलफलमा सहमति जुटी एकतासम्बन्धी १० बुँदे आधारपत्रमा हस्ताक्षर गर्दै एकता प्रक्रियामा अगाडी बढेका हुन् ।

सहमतिअनुसार एकीकृत पार्टीमा तीन अध्यक्षको व्यवस्था गरिएको छ । जसअनुसार थापा, राणा र लोहनी महाधिवेशनसम्मका लागि अध्यक्षका रुपमा समान हैसियतमा रहनेछन् । यस्तै निर्देशन समिति, केन्द्रीय कार्यासम्पादन समिति र केन्द्रीय कार्यसमितिको बैठकको अध्यक्षता आलोपालो हुनेछ भने यससम्बन्धी व्यवस्थापन केन्द्रीय सचिवालयले गर्नेगरी सहमति भएको छ । एकीकृत पार्टीको नाम राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा हुनेछ भने पार्टीको चुनाव चिन्हको सम्बन्धमा भने ६ महिनाभित्र पार्टीको उपयुक्त निकायबाट टुंगो लगाए बमोजिम हुने तीन अध्यक्षले हस्ताक्षर गरेको आधारपत्रमा उल्लेख छ । यस्तै पार्टीको झण्डा राप्रपाको बर्तमान झण्डा गाई हुनेछ ।

यसैबीच पार्टीको एकता घोषणा आगामी फागुन २८ गते गर्ने बताइएको छ भने एकताको डेढ वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने समझदारी पनि भएको छ । एकीकृत पार्टीको विधान दुबै पार्टीको विधानलाई समेटेर एकीकृत बनाइने छ । तर, पार्टीको मुख्य नीति र सिद्धान्त भने धर्म सापेक्ष हिन्दु राष्ट्र, बाँकी २ पृष्ठमा

# गोविन्दद्वारा एक लाख राशिको पुरस्कार घोषणा

नेपाल संस्कृत विश्वविद्यालयका उप-प्राध्यापक गोविन्द प्रसाद दाहालले नगद रु एक लाख राशिको पुरस्कार कोष स्थापना गर्नु भएको छ ।



संस्कृत शिक्षालाइ प्रोत्साहन दिनका लागि संस्कृत विश्व विद्यालयमा अध्ययनरत प्रतिभाशाली बिद्यार्थीहरुका लागि सो पुरस्कार कोष स्थापना गरि एको दाहालले टेलिफोन संबादमा जनआकाशलाई बताउनु भएको हो ।

पुरस्कार कोषको रकम राष्ट्रिय वाणिज्य बैंकको मुद्धती खातामा जम्मा गरेको र निकट भविष्यमा नै विश्व विद्यालयसँगको परामर्शमा पुरस्कार सम्बन्धी नियमावली बनाएर पुरस्कार कोषको नाम समेत राखिने दाहालले जानकारी दिनुभएको हो ।

धेरै अगाडी देखि नै शिक्षा र समाजसेवाको क्षेत्रमा सक्रिय रहदै आउनु भएका दाहालले यसअघि पनि कुनै पुस्कार दान केही गर्नुभएको छ भनि जन आकाशले गरेको प्रश्नमा “उनले भने नेपाल वेद विद्याश्रम काठमाडौंमा पनि खप्तड बाबा ज्योति पुरस्कार स्थापना गरिसकेको छु” । रु दश हजार राशिको उक्त पुरस्कार प्रत्येक वर्ष एस.ई.ई.मा ज्योतिष विषय तर्फ उत्कृष्ट नतिजा प्राप्त गर्ने चार जना छात्रलाई प्रदान गर्ने गरिएको पनि उहाले बताउनु भएको हो ।

दाहाल सूचनाको हक सम्बन्धी अभियन्ता रहनु भएको छ । सबैभन्दा धेरै सूचनाको हक प्रयोग गरेबापत र ाष्ट्रिय सूचना आयोगबाट पुरस्कृत भइसक्नु भएका दाहाल अहिले पनि उक्त क्षेत्रमा उत्तिकै सक्रिय देखिनुहुन्छ । परि क्षाको नतिजा चित्त नबुझेमा परिक्षार्थी स्वयम्ले उत्तर पुस्तिका हेर्न पाउने ब्यबस्था पनि उहाकै पहलमा शुरु गर ाइएको थियो ।

सार्वजनिक सरोकारका सबै निकायहरुमा सूचना अधिकारीको नियुक्ति गरेर बाँकी ६ पृष्ठमा




गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
Hattisar, Kathmandu
Tel: 4444039 • Fax: 4443414
Email: info@goodwill.net.np

Branches

Dillibazar 4422290 | Indrachowk 4229554 | Taumadhi, Bhaktapur 6620067 | Kumaripati, Lalitpur 5008690 | Tripureshwor 4231533 | Itahari, Sunsari 025-587051 | Birtamod 023-540548

Nepalgunj 081-528056 | Ghorai, Dang 082–563350 | Ilam 027-520949 | Phidim 024-521068 | Butwal 071–547282 | Bardibas 044–550102 | Dhangadi Tel 091-417357 | Nawalpur Tel 046-570060

www.goodwillfinance.com.np financing for success..... since 1995

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# होलीलाई सदभावको रुपमा मनाऔं

रङगको पर्व होली खेल्ने चलन पर पुर्वकालदेखि चल्दै आएको छ । यस पर्वलाई सदभाव वाड्ने र खुसियाली मनाउने पर्वको रुपमा मनाउनु पर्छ यो हिन्दुहरुको पर्व पनि हो । तर पछिल्लो समय मानिसहरुमा बढीरहेको नकरात्मक प्रबृति भने रोक्न जरुरी छ । एक त काठमाडौं उपत्यका लगायत शहरहरुमा पिउने पानीको त अभाव रहेको बेला होली खेल्नलाई पानीको अभाव ठुलो समस्याको रुपमा रहेको छ । पानी बिना नै रङग दलेर खेले पनि पछि पानीले सफा गर्नलाई समस्या ब्यहोदै आउनु परेको सवैले ब्यवहारमा नै बषौदखि भोगिरहेका छन् ।

यस्तो ब्यवहारिका अवस्था र परिस्थितिले काठमाडौं उपत्यकाको होली कठिन छ । त्यसकारण आफनो पर्वलाई आस्थालाई सहि र परिस्थितिको पनि ख्याल गरेर सदभावको रुपमा मनाउनु पर्छ र आफना साना साना नानीहरुलाई समेत जथाभावी लोला हान्ने कौशीवाट फोहोर पानी फाल्ने छ्याप्ने कुइएका गोलभेडाले हिर्काउने, अण्डाले मानिसलाई ताकेर हिर्काउने, कुनै बेलाको रिस राग पालेर होलीको मौका पारि झगडा गर्ने मारपीट गर्ने जस्ता कार्यहरु नगर्न नगाराउन प्रेरित गर्नुपर्छ तवमात्र नेपालको संस्कृतिको पहिचान र सदभावको पर्वले नेपालीहरुको एकतालाई जोगड्ने काम गर्छ ।

यस बर्ष त झनै बिश्वब्यापी आताङकको रुपमा फैलिएको कोरोना भाईरसले मानिसहरुमा त्रास फैलाएको छ । त्यसैले सरकारका निकायले समेत हुल हुज्जत समुहगतमा होली नखेल्न आग्रह गरिसकेको छ । भने सधा भन्दा यो बर्ष जो जसले जसको घरवाट कौशीवाट पानी लोला हानेको खण्डमा तिनका अबिभावलाई अभद्र ब्यवहार गरेको अभियोगमा मुदा चलाउने नियम समेत लगाएको छ । यो अवस्था आउने वातावरण हुर्किदै गएको छाडा प्रबृतिको बढेको कारणले नै बाध्यकारी कानुन लगाएको हुनुपर्छ । बिगतमा होलीको नाममा जथाभावी छाडा प्रबृति बढेर कल झगडा भई मानिसको मृत्युसमेत भएको घटनाहरुले मानिसहरुको सुरक्षाको लागि नै यस्तो कानुन प्रशासनले ल्याएको होला यो कदम साह्रनीय रहेको देखिन्छ ।

नेपालको धर्म संस्कृति पहिचान रितीरिवाज संक्षणको लागि राम्रो तरिकाहरु अपनाएर राम्रा कुराहरुको संक्षण गदै नेपाली संस्कृतिलाई राम्रो तरिका अपनाएर हाम्रा संस्कृतिहरुलाई मनाउनु पर्छ र अन्य आस्था राख्नेहरुले पनि अरुको आस्थालाई चोट पुऱ्याउने तुच्छ शब्दहरु प्रयोग नगर्ने बानी बसाल्नुपर्छ आफनो आस्था जति अमर आफैलाई लाग्छ त्यस्तै अरुलाई पनि अरुको आस्था त्यतिकै महत्व लाग्छ भन्ने ठान्नुपर्छ र सामाजिक सदभाव कायम गरेर नेपलका नेपालीहरु असाध्यै एकतामा दृढ छन् भन्ने ब्यवहार देखाउनु पर्छ । हुनत अहिले सम्म हामी नेपालीहरु कहिल्यै धार्मिक, जतिय द्वन्द गरेर फसेका छैनौ । कथम कदाचित त्यस्ता पऱ्याशहरु नभएका पनि होईनान् । तर नेपालीहरु सजग र सर्तक छन् त्यस्तो बिषयमा आउदो समय झनै चुनौति थपिदै गएको हुनाले अझै चनाखो भएर रहनु पर्छ त्यसकारण पनि नेपालका चाड पर्वहरुलाई सदभावको रुपमा मनाउदै आएका छौं । मनाऔं । अहिलेको परिस्थितिको अवस्थालाई बुझेर मनको खुसीले होलीलाई सदभाव साट्ने पर्वको रुपमा मनाऔं । यो नै हामी सवै नेपालीहरुको कत्ब्य हो ।

आउदा दिनमा नेपलको कथा बनेको मेलम्ची खानेपानी आयोजना पनि आउला त्यसपछि धित खोलेर होली मनाए भइहाल्छ । तर अहिलेको यो बर्षको होली खेल्ने पानीलाई सदुपयोग गरेर काठमाडौं उपत्यकामा सुत्केरी अवस्थामा रहेका सुत्केरीहरुको कवडा सफा गर्न लगाउन सहयोग गरौं । सेवा नै धर्म हो । भन्ने भनाईलाई आत्म साक्षी राखेर काम गरौं । मानवताको लागि यो भन्दा पुण्य अरु केही हुन सक्दैन । यो काम गरौं । यो बर्षको होलीमा रङग र पानीको होईन मनको सदभाव बाढेर खुसीयाली मनाऔं ।

# कोरोनाको बास्तविकता भन्दा त्रास फैलाउने बढी घातक

**मोहन कार्की**



अहिले बिश्वमा कोरोना भाइरस अर्थात कोरोना किरा नेपाली शब्दमा यो किराको बारेमा निक्कै आताङक नै सृर्जना हुने गरी प्रचार भईरहेको छ । यो बिषयमा बास्तविकतामा भन्दा मानिसहरु बढी मानसिक रुपमा त्रसित छन् ।

त्यो बिदेशमा होस वा नेपालमा अहिले जतातते कोरोनाको हल्ला बढी छ । नेपालमा २०२० नेपाल भ्रमण बर्ष मनाईरहेको नेपालले सार्वजानिक ठाउमा कार्यक्रम नगर्न निर्देशन दिईसकेको छ । सावधानी अपनाउनु राम्रो कुरा अपनाउनु पनि पर्छ । तर एउटाले नेपाल बन्द भन्दै हिड्यो भने देशै बन्द हुने देशमा कोरोनाको हल्ला नै गर्दा नेपाललाई कति प्रचार गर्नु यो स्वभाविक होइन किनकी मानिस दैनिक रुपमा केही न केही कारणले जन्मेपछि मरिरहेकै हुन्छन् जन्मिरहेकै हुन्छन् । तर रोग लागेर अकालमा नमरुन भन्ने चाहाना होला बिश्व स्वास्थ्य संगठनको पनि उसले नेपाललाई उच्च जोखिममा भएको मुलुक भनेर घोषणा गरेको सुनियो नेपालका अध्ययनसील नेपालका मानिसहरुलाई त त्यो बिश्व स्वास्थ्य संगठनको घोषणाले हास उठेको छ । किनकी नेपालमा अहिले सम्म कुनै कोरोना जस्ता भाइरस छिरेको छैन छिर्दा पनि छिरदैन नेपाल यस्तो मुलुक हो जाहा प्रत्येक सेकेन्डमा हावापानी बदली भईरहन्छ ।

खोला, खोल्सा, सीम, झर्ना, जङगल, नदी, भीर, पहरा, छहरा, हिमाल, ताल, तलैया, प्राकृतिक पोखरीहरु, जङगलमा फुल्ने प्रकृतिक फुलहरुले प्राणिलाई आवाश्यक सुद्व अक्सिजन ( स्वाच्छ हावा) नेपालमा पाइन्छ । प्रकृतिले त्यो दिईरहेको छ । त्यस्तो संसारमा कही छैन । नेपालीहरु भाग्मानी छन् । तर नेपालले राण साशनकाल पछि कोही कसैले पनि नेपालमा ठुला खालका र नेपाललाई आवाश्याक उधोग कलकारखाना नेपालामा खोलेनान् । त्यसैले नेपालीहरु बिदेशमा काम गर्न गएका छन् । ति बिदेशमा गएका नेपालीहरुमा चै कोरोना भाईरसले आक्रमण नगर्ला भन्न सकिदैन तर



असर गर्ला त्यो हामीले अनुमान गरेको भन्दा कयौ गुणा बढी छ । नेपाली मानसिकता र अर्थतन्त्रलाई असर गर्ने कुरा बिज्ञहरुले गरि नै सकेका छन् । तर नेपालमा अहिलेसम्म कुनै मानिसलाई कोरोना भाईरसले छोएको पनि छैन । सरकारले के के न बिग्रीयो भने जसरी प्रचार गर्नु र नेपालका ठुला सञ्चार माध्यम भनिएका हरुले त्यसैलाई बढी

त्यसकारण पनि नेपालमा त्यसखालका भाईरसहरु बिकसित नै हुन पाउदैनान् । यो नेपाललाई प्रकृतिले दिएको उपहार हो । कतै कतै घर, सडक, पुल स्कुल, नहर, कुलो बनाउने बनिरहेका ठाउँहरु बाहेक नेपालमा प्रकृतिको सुन्दरता र याहाको वातावरणले मानिस साथै कुनै पनि प्राणिको लागि प्राणी मैत्री छ । याहाका नेपालीहरुले पिउने पानि जङगलवाट उर्मिएर मुलफुटेर आएको जडीबुटीवाट रसवाट उर्मिएर आएको पानी सानै देखि खाएको हुदा नेपालीहरुलाई सितिमिति रोगलेआक्रमण गर्न सक्दैन ।

त्यसकारण नेपाल सुरक्षित मुलुक हो । नेपाल घुम्न जो जो बिदेशी मित्रहरु नेपाल आउन चाहानुहुन्छ उहाहरुलाई नेपालमा स्वागत छ । नेपालमा यतिवेला सेता हिमालहरु उज्यालोमा हासेर पाउनाहरुको स्वागत गरिरहेका छन् । नेपालीहरु नेपालमा निस्फीक्री काम गरिरहेका छन् । नेपालमा अहिले पनि ८० प्रतिशत खेति आग्रानिक हुन्छ । याहा कुनै केमिकलको कारणले मानिसलाई रोग लाग्दैन । नेपालीहरु सुरक्षित छन् ।

नेपलमा फैलाईको कोरोना उच्च जोखिमको हल्ला झुटो हो । नेपाल सुरक्षित छ । नेपालमा आउन लागेका पर्यटकहरु नेपाल मज्जाले घुम्न सक्छन् । हिमाल हेर्न सक्छन् । पाहाड उक्लिन सक्छन् । अहिले नेपालका हरेक क्षेत्रमा प्राकृतिक फुलहरु फुल्न थालेका छन् ति फुलहरुको बास्ना लिन सक्छन् । कोहिलीहरुको कुहुकुहुको प्रकृतिक आवाज सुनेर आनान्द लिन सक्छन् । नदीहरु सफा छन् । सफा नदीमा सल्बलाई रहेका माछाहरु हेरेर आनान्द लिन सक्छन् । हिमाली क्षेत्रहरुमा सुनपाति फुल्न थालिसकेको छ । पाहाडहरुमा लाँली गुराँश, चिमल, छिरु, पहेली, चित्री, जमान्द्रो, आल्चा, आरुका सेता, रङगी चङगी फुलहरु फुलेका छन् यो स्वर्ग छ भने त्यो नेपाल हो जाहा प्राणी मैत्री वातावरण छ ।

नेपाल सुरक्षित छ । नेपाल स्वर्ग जस्तै छ । हाम्रो प्यारो नेपल अतिथि देवो भवः

---

**कोरोना....**

गर्ने मानिसहरुको लगि असर नपर्ने उपायहरु अपनाउन जरुरी छ र सवै नागरिकले सहजै बच्न सक्छन् भन्ने बतावरण बनाउनु पर्छ यो राज्यको दाईत्व हो ।

**गोविन्द......**

हरेक नागरीकले सहजै सूचना प्राप्त गर्न सक्ने ब्यबस्था हुनुपर्छ भनेर अहिले पनि दाहाल उत्तिकै लागि पर्नु भएको छ ।

आफ्नै जागिरे जिवनबाट प्राप्त पारिश्रमीक छुट्याएर पुरस्कार कोष स्थापना गर्ने मात्र नभएर उहाले आफ्नो कमाइको केहि हिस्सा चन्दा,दान,धर्मशाला लगायतका सामाजिक सेवाको क्षेत्रमा पनि योगदान पुऱ्याउदै आउनु भएको छ । यो सकरात्मक काम प्रति जनअकाश मिडियाको तर्फवाट पनि उहाको काम प्रति शुभकामना छ ।

**राप्रपा.....**

राजसंस्थासहितको प्रजातन्त्र, सुदृढ स्थानीय स्वायत्त शासन, उदार अर्थतन्त्र र असलग्न नीति हुने छ । यस्तै पार्टीको वैचारिक आदर्श राष्ट्रियता, प्रजातन्त्र, उदारवाद हुने एकीकरणसम्बन्धत्री आधारपत्रमा उल्लेख गरिएको छ ।

२०७४ भदौमा फुटेको थियो राप्रपा

पूर्वपञ्चहरुको बाहुल्य रहेको दुई राप्रपा २०७३ मङ्सिरमा एकीकृत भएपछि फेरि फुट्न पुगेका थिए । त्यसयता दुई पार्टीबीच एकताका लागि पटक पटक छलफल भएपछि भाँडिँदै आएको थियो । शनिबार बिहान मात्रै पनि विधानको विषयमा कुरा नमिल्दा करिब भाँडिएको एकता साँझ फेरि विधानका विषयमा दुबै पक्षको समेटेर एकीकृत विधान बनाउने समझदारी हुन पुगेको हो ।

२०७३ मंसिरमा हलो चिन्ह भएको तत्कालीन राप्रपा र गाई चिन्ह भएको राप्रपा नेपाल मिलेर एकीकृत राप्रपा गठन भएको थियो ।

हलो चिन्ह भएको तत्कालीन राप्रपा र गाई चिन्ह भएको राप्रपा नेपाल मिलेर २०७३ मङ्सिरमा एकीकृत राप्रपा गठन भएको थियो । सो एकता प्रक्रियापछि राणा, थापा, लोहनीसहित लोकेन्द्रबहादुर चन्दसम्मका पञ्चायतकालीन पृष्ठभूमिका हस्तीहरु एकठाउँमा हुन पुगेका थिए ।

तर, सो एकताको ८ महिनामै पार्टी छिन्नभिन्न त भयो नै कमल थापालाई एकता हुनुअघि भन्दा पनि बढी क्षति पुगेको थियो । त्यतिबेला पनि एकीकृत पार्टीको चुनाव चिन्ह गाई हुने निर्णय भएपछि विवाद फुटसम्मको अवस्थामा पुगेको हो ।

२०७४ भदौमा पार्टी फुटाउँदा राणाले थापा निकटकै सांसद र केन्द्रीय सदस्य आफ्नो पक्षमा पारेका थिए । त्यसअघि नै पार्टी अध्यक्ष कमल थापाको कार्यशैलीको विरोध गर्दै प्रकाशचन्द्र लोहनीले पनि पार्टी परित्याग गरेर राप्रपा राष्ट्रवादी बनाएका थिए ।

पछि राप्रपा प्रजातान्त्रिक र राप्रपा राष्ट्रवादीबीच एकीकरण भएर राप्रपा संयुक्त बनेपनि राप्रपासँग भने पटक पटक छलफल भएपनि एकता हुन सकेको थिएन ।

अहिले राप्रपाको चुनाव चिन्ह गाई र राप्रपा संयुक्तको चुनाव चिन्ह हलो रहेको छ । यी दुई पार्टीले एकीकृत पार्टीको चुनाव चिन्ह आ-आफ्नै हुनुपर्ने अडान लिँदै आएपनि हाल चुनाव चिन्हको विषयलाई थाती राखेर अरु विषयमा सहमति भएको हो । यस्तै केन्द्रीय सदस्य तथा पार्टीका अन्य निकायमा सहमतिको आधारमा भागबण्डा गरिने बताइएको छ ।

२०४७ सालमा पञ्चायतको अन्त्य भएपछि राप्रपा गठन भएको थियो । रोचक त के रह्यो भने पार्टी गठन हुने प्रक्रियामा नै विभाजित भएको थियो । त्यतिबेला पार्टी स्थापनामा सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्दका साथै प्रकाशचन्द्र लोहनी, पशुपतिशमशेर जबरा, कमल थापा, बुद्धिमान तामाङ, पद्मसुन्दर लावती, रवीन्द्रनाथ शर्मालगायत संलग्न रहेका थिए ।

तर एकै दिन, २०४७ जेठ १५ गते, राप्रपा (चन्द) र राप्रपा (थापा) नामका दुई पार्टीको घोषणा भएका थिए । त्यसयताका २९ वर्षमा राप्रपा फुट्दै र जुट्दै आएपनि पछिल्लो समय भने कमजोर अवस्थामा पुगेको छ। आपसी टकराव, व्यक्तित्वको दम्भ, एजेण्डामा सम्झौता, सत्तालिप्सा लगायतका कारण यो पार्टी कमजोर अवस्थामा पुगेको कतिपयको टिप्पणी छ ।

यो एकताको सहमति सँगै भने पार्टीका नेता कार्यकर्तामा फेरि नयाँ आशा सञ्चार भएकाको राप्रपाका नेताहरुले बताएका छन् ।

**मोहन....**

फागुन १५ गते महोत्तरीको रातु खोला भन्ने ठाउँमा कार दुर्घटनामा पर्नु भएको थियो । अहिले ग्रण्डीको ९००१ को बेडमा उपचार गराईराख्नु भएको छ ।

# तरुण दलद्वारा कालोबजारी र वस्तुको कृत्रिम अभाव रोक्न माग

नेपाल तरुण दलले कारोना भाइरसको सम्भावित सङ्क्रमणलाई लिएर बजारमा दैनिक उपभोग्य बस्तु, खाद्यान्न, ग्यास, माक्स, औषधिलगायत अत्यावश्यक सामग्रीको अभाव र कालोबजारी देखिन थालेको जनाउँदै नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराएको छ ।

अध्यक्ष जितजङ्ग बस्नेतले एक विज्ञप्तिमार्फत कालोबजारी र कृत्रिम अभावको निगरानी गर्न तरुण दल केन्द्रिय समिति र सम्पूर्ण सदस्यलाई निर्देशन समेत दिनुभएको छ ।

छिमेकी मुलुक चीनबाट शुरु भएर विश्वका विभिन्न मुलुकमा माहामारीका रुपमा फैलिरहेको कोरोना भाइरसको सम्भावित जोखिमलाई मध्यनजर गरी सजग रहन तरुण दलले सबैमा आह्वान गरेको छ ।

एक अर्कासँग भेट हुँदा, हार्दिकता साटासाट गर्दा हात नमिलाउन र नमस्कार भनेर सम्बोधन गर्न आग्रह गर्दै उहाँले विद्यालय विश्वविद्यालय जस्ता समूहमा बसेर अध्ययन अध्यापन हुने ठाउँमा विशेष सावधानी अपनाउन अनुरोध गर्नुभएको छ । एक अर्कामा रङ्ग लगाई सद्भाव साटासाट गर्दै मनाइनेले होली पर्वमा विगतका वर्ष जस्तो ठूला भिडभाड हुने र साङ्गितिक कार्यक्रम यो वर्ष आयोजना नगर्न नगराउन विभिन्न तहका तरुण दलका समितिलाई विज्ञप्तिमार्फत अनुरोध गरिएको छ ।

अध्यक्ष बस्नेतले कोरोना भाइरसबारे आम मानिसमा देखिएको त्रासलाई न्यूनीकरण गर्न, सम्बन्धित निकायबाट जारी गरेका आधिकारिक धारणा जानकारी गराएर समाजमा सचेतना फैलाउनेमा कार्यमा लाग्न सम्पूर्ण तरुणमा आग्रह गर्नुभएको ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np


# जुन मैले संगीत क्षेत्रलाई योगदान गरेको छु त्यो प्रगति हो

*दोलखाको साविकको लापिलाङ्ग गा.वि.स.वडा न. ८ मा जन्मनु भएका रामकृष्ण थापाले जन ज्योति प्रा. बि वाट आफ्नो अध्ययनको यात्रा शुरु गर्नुभएको हो । प्रा.बि. स्तरको अध्ययन लापिलाङ मा.बि वाट गर्नु भयो । त्यतिवेला दोलखा जिल्लामा पढेर एस. एल. सि. पास गरेर गाउँमै माष्टर बन्ने चाहना धेरै जति बिद्यार्थिहरुको हुन्थ्यो रे उहालाई पनि त्यस्तै चाहना नहुने कुरै भएन । तर जव उहा काठमाडौं आई उच्च शिक्षा अध्ययनको लागि काठमाडौं आएर आर. आर. क्याम्पसमा अध्ययन गर्न पुग्नुभयो त्याहा पुगेपछि साथीभाईको संगत र सल्लाह अनुसार संगीत बिषयमा पढ्न थल्नुभयो र संगीतको क्षेत्रमा समेत रुचि राखेर अध्ययन र शिकाईलाई साथसाथै अगाडी बढाउदैं लैजानु भयो । लामो साधना र निरन्तरताले उहालाई हौशला प्रदान गर्‍यो भने उहासँग भएको कलाले संगीतप्रेमीहरुलाई समेत प्रभावित पार्न सफल हुनुभयो र कलाकारहरुले पनि उहाले गरेका संगीत र संगीत संयोजन (एरेन्जर) गरेको मन पराउन थाल्नुभयो र कलाकारहरुले उहालाईलाई नै संगीत संयोजन गर्न गीत दिन थाल्नु भयो । गीत को संगीत राम्रो संयोजन गर्न सक्षम भएके कारण रामकृष्ण थापाको परिचय संगीतकारको पदबीवाट परिचित हुनथाल्नु भयो त्यसपछि उहाले पानी कुवाको मैले हसाउन खोजेको किन रुवाको लोक गीत देखि आधुनिक गीत टाढा-टाढा धेरै टाढा हुदै छौ रे आजकल किन ? गितहरुमा संगीत भर्नुका साथै झण्डै २०० सय भन्दा बढी गीतहरुमा संगीत भरेर कलाक्षेत्रमा छुट्टै पहिचान बनाउन सफल भइसक्नु भएको छ भने नेपालको कला सस्कृतिलाई नेपाली मौलिकतामा ढाल्नुपर्छ र नेपाली कला, संस्कृति मर्न दिनु हुदैन भनेर थप आफ्नै लगानीमा फाष्ट क्रियशन म्युजिक प्रा.लि. सञ्चालन गरेर काम गरिरहनु भएको छ ।*

*उहासँग जनआकाश साप्तहिकका धनलाल थापाले गरेको कुराकानी*





## रामकृष्ण थापा
## संचालक, फाष्ट क्रियशन म्युजिक प्रा.लि.

**० अहिले के गर्दै हुनुहुन्छ तपाई ?**

- पढाइको शिलसिलामा एमए दोस्रो बर्षको अध्ययनको तयारीमा छु त्यसको साथसाथै गीत संगीतको म्युजिक भिडियोको संयोजन (एरेन्जर) गर्ने काम गरिरहेको छु ।

**० तपाई दोलखामा जन्मनु भयो त्यो सुन्दर जिल्ला जाहावाट गौरीशंखर हिमाल हेर्न पाइन्छ । त्यहावाट याहा आएर अहिले तपाईले संगीत, गर्नुका साथै फाष्ट क्रियशन प्रा.लि. पनि सञ्चालन गर्नुभएको छ ? यो प्रगति नै हो कस्तो अनुभव भईरहेको छ ?**

- यसलाई मैले जिन्दगीको सर्घषको रुपमा लिएको छु । गाउवाट हामी काठमाडौं आएर पढ्नु पर्ने र टाढा गएर पढ्नु पर्दा याहा एउटा अवसर र अर्को चुनौति सामना गर्नुपर्ने बाध्यता धेरै जति पढ्न आउने बिद्यार्थीहरुमा हुन्छ त्यस्तै मेलै पनि बेहोरेको थिए र चुनौतिको सामना गर्दै अवसरलाई सदुपयोग गरेर आज रामकृष्ण थापाको परिचयलाई संगीतकारको रुपमा चिनाउन सफल भए आज आफ्नै लगानीमा फाष्ट क्रियशन म्युजिक प्रा.लि. सञ्चालन गरिरहेको छु । पैशा कमाउनु नकमाउनु अर्को पाटो रहयो तर जुन मैले नेपाली संगील क्षेत्रलाई योगदान गरेको छु । त्यो भने तपाईले भने जस्तै प्रगती गरेको मलाई महसुस भएको छ ।

**० तपाईले संगीत एरेन्ज गरेका गीतहरु मलाई भन्नदिनुस न ?**

भरखरै बजारमा चर्चामा रहेको लोक गीत मैले एरेन्ज गरेको पानी कुवाको मैले हसाउन भन्छुऊ रुवाको निक्कै चर्चामा छ । यो अहिले १० लाँख भन्दा धेरै भिवर भैसकेको छ ।

अर्को लोचन भट्टराईले गाउनु भएको टाढा-टाडा धेरै छाढा हुदै छौ रे आजकल किन ? बोलको आधुनिक गीत पनि भरखरै बजारमा आएको छ आफ्नो भन्न लाज लागे भने साइनो मेटिदेऊ पराई बनि बाच्नुभन्दा गला रेटीदेऊ पनि बजारमा आएको छ । त्यसैगरी आउन लागेको ओई सानी तिम्रोत जवानी डल्ले खोर्सनी बोलको गीत पनि बजारम आउदै छ । त्यसको अलवा झण्डै २०० भन्दा बढी गीतहरु मैले संगीत र एरेन्ज गरिसकेको छु ।

**० तपाई संगीतिक क्षेत्र, आफैले कम्पनी समेत खोल्नु भएको छ । सागीतिक क्षेत्र के रहेछ ?**

मेरो बिचारमा सागीतिक क्षेत्र भनेको मनभित्र गुम्सिएर बसेको आफ्नो भावनालाई सरल ढंगवाट प्रष्फुटन गर्ने सवैले बुझ्ने भाषामा उजागर गर्नु संगीत, साहित्यले महत्वपुर्ण भुमिका खेल्ने बिषय नै गीत, संगीत र साहित्य हो । कतिपय बोलेर ब्याक्त गर्न नसकेको कुरा साहित्य, गीत र संगीतको माध्यमवाट अभिब्यक्त गर्न सक्छन् त्यो पनि सजिलै त्यसकारण साहित्य संगीत भनेको मानिसको मन मष्तिकमा छिट्टै प्रभाव पार्ने सरल माध्यम हो ।

**० तपाईलाई काठमाडौं शहरमा रामकृष्ण थापा संगीतकार भनेर चिन्छन । तर तपाई जन्मेको त्यो दोलखामा जाहा तपाई जन्मेको घर छ बुबा आमा हुनुहुन्छ । साथीभाई वरपरकाले त्याहा के भन्छन् ?**

पहिला पहिला त मलाई गाउघर तिर जादा म त संगीत सिक्दै छु भन्दा बरु माष्टर बनेको भए हुन्थ्यो याहाका भाई बहिनीहरुले राम्रो पढ्न पाउथे त्यतिवेला गाउघरमा एउटा वडामा एस.एल.सि. पास गर्ने ८/१० जना मात्र हुन्थ्यौ त्यसकारण गाउका बुबा आमा लगाउत सवैले त्यस्तै भन्ने गर्थे तर मलाई चै त्यो एस.एल.सि. सम्म मात्र अध्ययन गरेर सिमित रहनु हुदैन भन्ने सोच आयो र उच्च शिक्षा हाशिल गर्न शहरमा जानुपर्छ भन्ने लाग्यो र काठमाडौं आएर साथीभाई सँगै आर आर क्याम्पसमा उनिहरुकै संगत र सल्लाह अनुसार संगीत बिषय लिएर पढ्न थाले अहिले संगीतकार भनेर चिनिन पाउदा गाउँघरका सवैले राम्रो गरेको भन्नु हुन्छ । यो मेरो लागि गर्वको कुरा बनेको छ ।

**० फाष्ट क्रियशन प्रा.लि.ले अहिले के के काम गर्छ ?**

गीतको संगीत, संगीत संयोजन, म्युजिक भिडियोको निर्माण, डकुमेन्ट्री निर्माण, साथसाथै संगीत क्षेत्रका सवै खालका कामहरु फाष्ट क्रियशन प्रा. लि.ले गर्ने गरेको छ । यदि प्रतिभावान कलाकारहरु अवसरवाट बञ्चित कोहि हुनुहुन्छ भने फाष्ट क्रियशन प्रा.लि.ले नव प्रतिभाहरुलाई अवसर दिने योजना रहेको छ । नव प्रतिभाहरुले अवसरको सदुपयोग गर्न सक्नु हुनेछ ।

सम्पर्कको लागि fast1creation@gmail.com मा सम्पर्क गर्न सक्नु हुन्छ भने फास्ट क्रियशन फेसबुकमा पनि सम्पर्क गर्न सक्नु हुने छ ।

**० आउदा दिनमा के उदेश्य राख्नु भएको छ ?**

मैले बिषयगत शास्त्रीय अध्ययन संगीतको सैद्धान्तिक ज्ञानलाई नेपालको लोक संगीतमा ढालेर नयाँपन दिनुको साथै नयाँ पिढीलाई समेत यस क्षेत्रमा मार्गदर्शक बन्ने प्र्याश गर्ने छु ।

अन्तमा: म तपाईहरुको यस जन अकाश मिडियालाई मलाई अवसर दिनुभएकोमा धन्यवाद । नेपाली संस्कृतिलाई माया गरौं नेपालीपन संक्षण गरौं ।

# उपभोग्य वस्तुको बढी मूल्य लिए कारवाही हुन्छ

सरकारले कोरोना त्रासका कारण कुनै पनि दैनिक उपभोग्य वस्तुको अभाव नभएको स्पष्ट पार्दै कालोबजारी गरिएको पाइए विद्यमान कानूनअनुसार हदैसम्मको कारवाही गर्ने चेतावनी दिएको छ । आपूर्ति व्यवस्थालाई नियमित राख्न युद्धस्तरमा काम गरिरहेको भन्दै सरकारले त्रासको समयमा कमाउने मौका यही हो भन्दै कालोबजारी गरिए, परल मूल्यभन्दा बढी लिए, सामान भएर पनि छैन भन्दै लुकाए कालोबजारी कानून तथा अत्यावश्यक ऐनले गरेको व्यवस्थाअनुसार कारवाही हुने चेतावनी दिएको हो । मास्क, स्यानेटाइजरजस्ता सामग्रीमा मात्रै दबाब परेको स्पष्ट पार्दै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले भन्नुभयो, खाद्य पदार्थ, खाना पकाउने ग्यास, नुन, दलहन, खाने तेल आपूर्तिमा कुनै समस्या छैन । कहीँ कतै पनि आत्तिइहाल्नुपर्ने अवस्था छैन । व्यापारीले रु २० मा पाइने आयोडिनयुक्त नुनको रु ४० सम्म बिक्री गरेको, खाना पकाउने एलपी ग्यास लिन लामा लामा लाइन लागेको, मास्क तथा अन्य खाद्यउपजमा समेत कालोबजारी भएको चर्को गुनासो आएपछि आज पत्रकारसँगको भेटमा मन्त्री भट्टले केही सामानमा दबाब परे पनि सङ्कटको अवस्था नभएको बताउनुभयो । सङ्कटको बेला एकले अर्कोलाई सहयोग गर्नुपर्नेमा कमाउने मौका यही हो भनेर कुनै पनि व्यवसायी त्यसरी प्रस्तुत भए तिनलाई जरिवाना तिराउने मात्रै नभई जेलसम्म हाल्नुपर्ने अवस्था आउनसक्ने मन्त्री भट्टको भनाइ छ । काठमाडौं उपत्यकामा विशेषगरी गुणस्तरीय मानिएको नेपाल ग्यासमा ठूलो दबाब परेको छ । त्यसलाई हटाउने लक्ष्यका साथ नेपाल आयल निगमले मागभन्दा झण्डै दोब्बर ग्यासको सिलिण्डर बजारमा पठाउन निर्देशन दिएको छ तर उपभोक्ताले पनि सङ्कटको बेलामा के हो के भने जसरी आवश्यकभन्दा बढी ग्यासका सिलिण्डर भण्डारण गरेका कारण नयाँ सिलिण्डर नै पाउन मुस्किल परेको छ । नयाँ सिलिण्डर नभएका कारण रिफिलिङ गर्न समस्या देखिएको छ ।

सामान्य अवस्थामा ३७ हजार टन ग्यास आयात हुने गरेकामा कोरोना त्रासपछि नेपाल आयल निगमले ४५ हजार टनका लागि प्रोडक्ट डेलिभरी अर्डर(पीडीओ) जारी गरेको छ । यो हालसम्मकै बढी हो । त्यसमा अत्यावश्यक भन्दै थप पाँच हजार टनको व्यवस्था गरिएको हो ।

निगमले होलीको समयमा समेत भारतबाट ग्यास आयात र लोडिङ गरिरहेको छ । होलीको समयमा बिदा हुने भए पनि त्यसलाई परवाह नगरी ग्यास लोडिङ गरिएको हो । निगमले सुरक्षालगायतका कारण पनि आवश्यकभन्दा बढी ग्यासको सिलिण्डर नराख्न उपभोक्तालाई आग्रह गरेको छ । ग्यास पाइन्न कि भनेर उपभोक्तामा त्रास बढेपछि निगमले ४४ हजार सिलिण्डर पठाएको छ । यसअघि उपत्यकामा दैनिक ३० हजार सिलिण्डर मात्रै ग्यास आपूर्ति हुन्थ्यो ।

उपभोक्तालाई सहज आपूर्ति गर्न थप १४ हजार सिलिण्डर पठाइएको छ । बजारमा कुनै पनि वस्तुको आपूर्ति कम हुन नदिने सबै सरकारी निकाय अहोरात्र परिचालित भएको मन्त्री भट्टको भनाइ छ । हामीले आपूर्ति कम हुन नदिन सम्भव भएसम्मका सबै उपाय अवलम्बन गरेका छौँ । कर्मचारी पनि परिचालित भएका छन् । कुनै पनि वस्तुको आपूर्तिमा कमी हुन दिइँदैन । मन्त्री भट्टले आपूर्ति तथा अन्य कुनै समस्या आए ११३७ नम्बरमा फोन गर्न आग्रह गर्नुभयो । पैसा नलाग्ने सो नम्बरमा फोन गरेर आफ्ना समस्या तथा गुनासो राख्न सकिनेछ । कालोबजारी भए, परल मूल्यभन्दा बढी मूल्यमा कुनै सामान बिक्री वितरण गरेको पाइए सो नम्बरमा गुनासो गर्न सकिने मन्त्री भट्टको भनाइ छ । उहाँले केही दिनभित्रैमा साल्ट ट्रेडिङलगायतका स्थानमा पनि हटलाइन सेवाको शुरुआत गरिने जानकारी दिनुभयो । सबै प्रकारका उपभोग्य सामग्रीको अभाव नभएको तर बजारमा केही व्यापारीले अनावश्यकरूपमा नकारात्मक हौवा फैलाएको बताउनुभयो । हाल साल्ट ट्रेडिङसँग आगामी दशैँसम्म पुग्ने गरी नुन स्टकमा छ । तर नुन सकिए जसरी प्रचार भयो, यसलाई चिर्न जरुरी भयो, मन्त्री भट्टले भन्नुभयो । यस्तै साविकको खाद्य संस्थानसँग कूल २० हजार मेट्रिक टन धान स्टक छ । उक्त परिमाणको धानबाट मात्रै १४ हजार मेट्रिक टन चामल उत्पादन हुन सक्छ ।

सरकारी मिलले मात्रै दैनिक एक हजार क्विन्टल बढी चामल उत्पादन गर्ने क्षमता राख्दछ । बजार अनुगमनलाई अब एकीकृत योजना र कार्यदलमार्फत अगाडि बढाउने सरकारको योजना रहेको मन्त्री भट्टको भनाइ छ ।

## साग्रिला डेभलपमेन्ट बैंकको कोरोना भाईरस सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

काठमाडौ । साग्रिला डेभलपमेन्ट बैंक लि.गल्छी शाखाले जनजागरण मा.वि.गल्छी ४ धादिङ्गको प्राङ्गणमा कक्षा १ देखि प्लस टु सम्मका अध्ययनरत बिधार्थीहरु र त्यसै बिधालयका अभिभावकहरुलाइ समेत राखि गल्छी स्वास्थ्य चौकीको प्राविधीक सहयोगमा कोरोना भाइरसको सङ्क्रमणबाट कसरी बच्न सकिन्छ भन्ने विषयमा सचेतनाकार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा सहजीकरण गरेका साग्रिला डेभलपमेन्ट बैंक लि.गल्छी शाखाको प्रमुख गौरब काफ्ले ले कोरोना भाइरस बाट आफु पनि बचौ र अरुलाई पनि बचाऔ भन्दै जसका लागि



सरसफाई मा बिशेष ध्यान दिने,मास्क लगाउने,हातलाई सावुन पानीले धुने,हात नमिलाउर्ने, भिडभाडमा नजाने,नियमीत शारिरीक ब्याम गर्ने,मधपान मासहारीको प्रयोग नगरि भिटामीन सी पाउने अमला,कागती खाने,प्रत्येक आधि घन्टाको अन्तरमा पानि पिउने,बिहान बेलुका घीउको सेवन गर्ने रुघा खोकी ज्यरो आएमा मनोबल नघटाइ तुरुन्त नजिकैको स्वास्थ्य चौकामा जानुपर्ने बताए । स्वास्थ्यकर्मी रेखाअधिकारी र रन्जना रिमाल ले कोरेना भाइरसको सङक्रमणबाट बच्ने उपायहरु बताउदै घरमाआफनो परिवार छरमिकीलाई समेत सिकेका कुराहरु जानकारी दिन र सामाजिक सन्जालको पछि परेर सबै त्यसैको भरमा नलाग्न अनुरोध गरे साथै सामाजिक सन्जालमा त्रास फैलाउने कामनगर्न समेत अनुरोध गरे र गर्ने त्यस्तालाई सरकारले कडा भन्दा कडा कारबाही गर्न समेत अनुरोध गरे । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गल्छी गा.पा.वडा न.४ का बडा अध्यक्ष एवम विधालय ब्यवस्थापन समितिका अध्यक्ष समेत रहेका राजु अधिकारी ले साग्रिला डेभलपमेन्ट बैकको शाखा गल्छी ले बिश्व ब्यापी रुपमा फैलिरहेको यो कोरेना भाइरसबाट बच्ने उपायहरुको बारेमा सचेतना कार्यक्रम राखेकोमा धन्यवाद दिदै उनले अझै ग्रामिण समुदायमा समेत गएर यस खालको सचेतना कार्यक्रम गर्न अनुरोध गरे साथै अधिकारीले साग्रिला बैकले सामाजिक उतरदायित्व अर्न्तगत रहेर विभीन्न कामहरु र सेवा गरेको कुरा बिदीतै छ, र गल्छी शाखाले मात्रै नभइ देशैभरिको शाखा कार्यालयहरुले समेत सामाजिक उतरदायित्वका कार्य गरेको कुराको उदाहरणीय रहेको छ र यस बैकले नाफालाई केन्द्र नमानी सेवाभावले काम गरेको छ यस बैकको प्रगतिको समेत शुभकामना दिन चाहन्छु भने । र कोरोना भाइरसबाट त्रसित नभई यसबाट बच्ने बिधीहरु अवलम्बन गरौ र गराउ भनि अनुरोध समेत गरेका थिए ।

## कुमारी बैंकको परिवार सुरक्षा बचत खातामार्फत बीमा दाबी भुक्तानी योजना

काठमाडौ । कुमारी बैंकले परिवार सुरक्षा बचत खाता मार्फत खातावाला, दम्पत्ति तथा २१ वर्ष मुनिका दुई बालबालिका समावेश हुनेगरि स्वास्थउपचार बीमा, आकस्मिक दुर्घटना बीमा, शारीरिक अशक्तता बीमा लगायत १८ घातक रोगहरु विरुद्ध बीमा सुविधा प्रदान गदै आएकोमा, विभिन्न ग्राहकहरुले बीमा दाबी भुक्तानी पाउदै आएका छन् । आजको मितिसम्म, ६१ बीमा दाबी भुक्तानीहरु ग्राहकले प्राप्त गरिसकेका छन् । हालसम्म, परिवार सुरक्षा बचत खाता मार्फत बीमीत ग्राहकहरुले रु १,३५५,१८३ बराबरको दाबी रकम प्राप्त गरिसकेका छन् । यीमध्ये धेरैजसो औषधोपचार बीमा दाबीहरू रहेको भनाई बैंकको छ । उक्त बीमा भुक्तानी बैंकले अजोड इन्स्योरेन्सको सहकार्यमा गरेको बैंकले जनाएको छ ।

## अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा एनआईसी एशियाको योजना सार्वजानिक

काठमाडौं । एन आई सी एशिया बैंकले अन्तर्राष्ट्रिय नारी दिवसलाई अवसर पारेर महिला ग्राहक हरूलाई विशेष योजना सार्वजनिक गरेको छ । त्यस योजना अन्तर्गत वर्षको नारी दिवसका दिन अर्थात २०७६ फागुन २५ गते बैंकको मोबाइल बैंकिङ्ग प्रयोग गरी कारोबार गर्नुहुने १०० जना भाग्यशाली महिलाहरूले १०० प्रतिशत वा रू. १०,०००/ सम्म नगद फिर्ता प्राप्त गर्न सक्नुहुनेछ । यस बैंकका महिला ग्राहक महानुभावहरूले :य(द्यबलप एपबाट मोबाइल रिचार्ज गर्दा, बिजुलीको महसुल तिर्दा, हवाई टिकट खरिद गर्दा, त्तच् एबथभलत लगायतका भुक्तानीहरूमा यो योजना लागू हुनेछ । तर वालेट लोड तथा फन्ड ट्रान्सफरलाई यस योजनामा समावेश गरिएको छैन । यस योजनाले आफ्ना सम्पूर्ण महिला ग्राहक महानुभावहरूलाई सम्मान गर्नुका साथै उहाँहरूमा डिजिटल बैंकिङ्ग कारोबार गर्न प्रोत्साहन पुग्ने उदेश्यले उक्त योजना ल्याएको बैकले जनाएको छ ।

## बैकिङ्ग संसार

### प्राइम र कैलाश विकास बैंकको एकिकृत कारोबार हुँदै

काठमाडौं । प्राइम कमर्सियल बैंक र कैलाश विकास बैंकको एकिकृत कारोबार फागुन २९ गतेबाट हुने भएको छ । बैंकले जारी गरेको सूचनामा प्राइमले कैलाशलाई प्राप्ति (एक्विजिशन) गरेपछि फागुन २९ गतेबाट प्राइम बैंकको नाममा एकिकृत कारोबार हुनेछ । राष्ट्र बैंकको २०७६ फागुन १८ गतेको पत्रबाट वित्तीय संस्थाहरु प्राप्ति गर्ने अन्तिम स्वीकृत प्राप्त भएको र फागुन २१ गते कम्पनी रजिष्टारको कार्यालयबाट स्वीकृत लिएको सूचनामा उल्लेख छ । फागुन २९ गतेबाट प्राइम बैंकको नामबाट कारोबार हुने छ । प्राप्ति (एक्विजिशन) पश्चात बैंकको रजिष्टार्ड केन्द्रीय कार्यालय प्राइम कमर्सियल बैंकको केन्द्रीय कार्यालय कमलपोखरीमा रहनेछ ।

### गरिमा विकासको सीइओमा फेरी गोविन्द ढकाल



काठमाडौं । गरिमा विकास बैंकको सीइओमा गोविन्दप्रसाद ढकाल पुनः नियुक्त भएका छन् । ४ वर्षको कार्यकाल सकिएपछि बैंक सञ्चालक समितिको फागुन २२ गते बसेको बैठकले ढकाललाई फेरि ४ वर्षे कार्यकालका लागि नियुक्त गरेको हो । ढकालले आगामी वैशाख १ गतेदेखि लागू हुने गरी अर्को कार्यभार सम्हाल्ने बैंकले जनाएको छ ।

### प्राइम बैंकको शाखा बर्दिवासमा

काठमाडौं । प्राइम कमर्सियल बैंकले बर्दिवास नगरपालिकाबाट ९८ औं शाखा सञ्चालनमा ल्याएको छ । उक्त शाखाको बैंकका संचालक प्रा.डा.मंगला श्रेष्ठले उद्धाटन गरेकी हुन् । उनले शाखा उद्धाटन गर्ने क्रममा उनले आगामी दिनमा बैंकले नयाँ नयाँ ठाँउमा शाखा विस्तार गर्ने बताइन । बैंकले निक्षेपकर्ता तथा ग्राहकहरुलाई प्रदान गरिने सेवालाई थप गुणस्तरीय बनाउन आफ्नो सेवालाई थप चुस्त, आत्मीय र ग्राहकमुखी बनाउने जनाएको छ ।

## YES बैंकमा सिर्जित समस्या र नेपाली बैंकले लिनुपर्ने



यस बैंक लिमिटेडले सन् २००४ मा कारोबार शुरु गरेर १६ वर्षको सञ्चालन अवधिमा १ हजार १०० भन्दा बढी शाखा सञ्जाल, १९०० भन्दाबढी एटीएम, १९०० भन्दाबढी कर्मचारीको साथ भारतको २८ वटा प्रदेश र ९ टेरिटोरीमा व्यबसाय विस्तार गर्दै देशको चौथो ठूलो निजी क्षेत्रको बैंकको रुपमा स्थापित भयो ।

बैंकले गत वर्षसम्ममा २१ सय अर्ब रुपैयाँ निक्षेप लिई २२५० अर्ब रुपैयाँको कर्जा प्रवाह गर्यो । वासलातको आकार ३४५० अर्ब रुपैयाँ नाघ्यो । सन् २०१८ देखि २०१९ को वित्तीय विवरणमा ५.१ अर्ब रुपैयाँ पुँजी हुदै गर्दा सेयर प्रिमियम ११९ अर्ब रुपैयाँसहित बैंकको सञ्चिती तथा रिजर्भ २७२ अर्ब रुपैयाँ पुगेको थियो । बैक शुरु गर्दा बैक सञ्चालनको जिम्मा बैंकका संस्थापकमध्येका एक राणा कपुरले: एमडी र सीईओले लिएका थिए भने संस्थापक अशोक कपुर सञ्चालक समितिको अध्यक्षको रुपमा थिए । सीईओको निरन्तरता आरबीआईले हस्तक्षेप नगर्दा सन् २०१९ को जनवरीसम्म रह्यो । सञ्चालक समिति राणा कपुरलाई ३ बर्ष नै निरन्तरता दिन चाहन्थ्यो तर संस्थागत सुशासनको कारण देखाई आरबीआईले उनको अवधि जनवरी २०१९ सम्म गरिदियो र रवनीत गिल नयाँ सीईओको रुपमा नियुक्त भए । सो वर्ष नै बैकले १५ अर्ब रुपैयाँभन्दा बढी नोक्सानीसहितको वित्तीय विवरण प्रकाशित गर्यो । कुनै बेला २ रुपैयाँ प्रतिसेयर अंकित मूल्यको सेयर बजार मूल्य ४०० रुपैयाँ भन्दा माथीसम्म पुग्यो जो अहिले एकै दिनमा ५६ प्रतिशतसम्मले घटेर १६ रुपैयाँमा आईपुगेको छ र अझै कारोबार भएमा घट्ने सम्भावना छ । अहिले आरबीआईले व्यवस्थापनको जिम्मा लिइसकेको छ भने १० रुपैयाँ प्रतिसेयरमा थप पँजी लगानी गर्न एसबीआइसँग कुरा शुरु गरिरहेको छ । हाल ग्राहकहरुलाई प्रतिमहिना ५० हजार रुपैयाँको सीमामा मात्रै नगद निकाल्न सक्ने व्यबस्था गरिएको छ र उक्त सीमा विशेष प्रयोजनका लागि ५ लाख रुपैयाँसम्म गरिएको छ ।

मुडीजले यस बैंकको क्रेडिट रेटिङ बीटूबाट घटाएर सीएए थ्री गरिसकेको छ । यसको असर समग्र स्टक मार्केट मै रह्यो । एकाएक व्यवसाय विस्तारमा आक्रामक बनेर अघि बढेको बैंक जो बैंक अफ अमेरिकाको १६ वर्षभन्दाबढी अनुभव भएका र थुप्रै अन्तर्राष्ट्रिय जोखिम पाएका बैंकरको हातमा थियो, कसरी यो अवस्थामा आइपुग्यो ? केन्द्रीय बैकको अनुसन्धान जारी नै छ तर निम्न कारणहरु प्रष्ट देखिन्छन् ।

१) बजारको भन्दा अत्यधिक व्यवसाय वृद्धिको होड

राना कपुरले अरु सबै बैंकहरु रुढिवादी दृष्टिकोण मै व्यापार गरिरहेको बेला आक्रमक भूमिकाको साथ अघि बढे । यदी सबै बैंकहरुले 'नो' भनिसकेपछि पनि यस बैकले 'यस' भनेर कर्जा दिन्छ भन्ने कुरा इन्डियन कर्पोरेट सेक्टर मै चर्चामा आयो ।

एकपटक ३.५ अर्ब रुपैयाँसम्म पनि कसैले नपत्याएको एउटामध्य आकारको सिपिङ कम्पनीलाई १० प्रतिशत सर्भिस चार्ज लिएर ५ अर्ब रुपैयाँ अर्ब रुपैयाँ कर्जा यस बैंकले दियो । यो एउटा प्रतिनिधि घटना मात्रै हो । यस्ता थुप्रै कर्जा प्रवाह भए २२३ प्रतिशत सर्भिस चार्च र महंगो ब्याजमा गएका कर्जाहरुको कारण बैंकको व्यापार र नाफा तत्काललाई त धेरै वृद्धि भयो ।

सीइओको पनि खुब तारिफ भयो । सेयर बजारमा सेयरको मूल्यमा पनि साह्रै उछाल आयो तर अहिले यहि कुरा समस्याको मुख्य जड भएर बैंकलाई डुबाउने कारण बन्दैछ । आइएल एण्ड एफएस, देवान हायसिङ, सिजी पावर, कोस्स एण्ड किङ, एडीएजी, एसर सपिङ, म्याकलियोड रुसेल, रिलायन्स ग्रुप, जेट एयर वे, क्याफे कफी डे, जस्ता कम्पनीको कर्जा बैंकलाई यो अवस्थामा पुर्याउने कारक बन्न पुगे ।

२) बढ्दो एनपीए र एनपीए ब्यवस्थापनको तरिका

यस बैंकले छिट्टै ग्रोथ लिनका लागि कर्पोरेट लोनलाई फोकस गर्यो । र बढाउदै लग्यो । कर्जाको ६५ प्रतिशतभन्दा बढी अंश ठूला कर्पोरेट कर्जाको हिस्सा भयो । कर्जाको ब्याज चुक्ता नहुँदा पनि थप कर्जा प्रवाह गर्दै बैंकले एनपीएको रिपोर्टिङ १ प्रतिशतको हाराहारी मै गरिरह्यो । यस्तो कसरी सम्भव भइरहेको छ भन्दै गर्दा राना कपुरको जवाफ हुन्थ्यो कि 'हामीसँग मूख्य तीन वटा सिद्दान्त छन् । र, ती हुन् रिलेसनसिप, प्रडक्ट र रिस्क । जसले गर्दा हामीले जोखिम व्यवस्थापन गर्न पूर्व जानकारी प्राप्त गर्छौं । सन् २०१६ पछि आरबीआइले सीआरआइएलसी शुरु गर्यो । जसमा सबै बैंकहरुले ५ करोड रुपैयाँभन्दा माथिको कर्जा तथा सुविधा रिपोर्ट गर्नुपर्ने भयो । यस व्यवस्थासंगै यस बैंकलाई कर्जा व्यवस्थापनमा लिन असहजता भयो । बैंकले यतिबेला हाराहारी ७.८ अर्ब रुपैयाँको खराब कर्जा देखाएको थियो जो सहीमा १७१ अर्ब रुपैयाँको हाराहारी हुनुपर्थो, भन्ने अनुमान गरिएको छ ।

सन् २०१८र०१९ मा बैकले ७८.८ अर्ब रुपैयाँ देखायो भने आरबीआईले १११ अर्ब रुपैयाँभन्दा बढीको एनपीए रिपोर्ट गर्न लगायो । बैंकले १७१ अर्ब रुपैयाँभन्दा माथिको एनपीए त सेक्टेम्बर मै बैंकले देखायो । यसरी बढ्दो एनपीए बैकको समस्याको मूल कारण रह्यो ।

३. प्रोमोटरहरुको आन्तरिक कलह

बैंकको अध्यक्ष अशोक कपुरको सन् २००८ को मुम्बई आतंकवादी हमलामा मृत्यु भएपछि राणा कपुरको पूरै एकलौटी निर्णयहरु चल्न थाल्यो । अशोकको पत्नीले छोरीलाई सञ्चालक समितिमा पठाउन चाहन्थिन तर राणाले यो कुरा हुन दिएनन् अनि यो मुद्दा अदालतसम्म पुग्यो र आखिर अदालती निर्णयपछि उनी सञ्चालक समितिमा आइन । यो आपसी झगडाले गर्दा पनि बैंक ओरालो लाग्नुको कारणको रुपमा रह्यो ।

४.संस्थागत सुशासनः

राणा कपुरको यस बैंकमा ५.५ प्रतिशतभन्दा बढी होल्डिङ थियो र सबै सेयर धितो मै राखिएको थियो । पछि उनले यो सबै सेयरहरु बिक्री गरे । बैंकको कारोबारमा उनी हावी हुदै गए र जे बोल्यो त्यहि निर्णय हुन थाल्यो चाहे त्यो ठूलो कर्जा दिन होस वा एनपीए व्यवस्थापनमा होस् ।

कुनै व्यवस्थापकले उनको अनुसार काम नगरेमा एसएमएसबाटै व्यवस्थाकलाई निकालिएका उदाहरण धेरै छन् भनिन्छ । यस बैंकलाई आरबीआइले फण्ड टान्फर मै 'रेगुलेटरी नन कम्पेन्स'का कारण ६ करोड रुपैयाँ जरिवाना गरायो ।

संस्थागत सुशासनको अवस्था हेरेर नै आरबीआईले जनवरी २०१९ मै राना कपुरलाई सीइओबाट बाहिरिन भन्यो । संस्थागत सुशासनको समस्या ३/४ वर्ष पहिले पीएमसी बैंकको संगसँगै यस बैंकमा पनि थियो तर न बैंकको संचालक समिति न त आरबीआई नै समयमा चनाखो हुन सक्यो ।

५) तरलता तथा पुँजीकोष व्यवस्थापनमा समस्याः

संस्थागत सुशासनको नराम्रो अवस्था, आन्तरिक किचलो र ठूलो खराब ऋणहरुको आशंकाको कारण बैक नोक्सानमा गएपछि थप पुँजी लगानी थप्न लगाउनका लागि, माइक्रोसप्टदेखि अन्य लगानीकर्ताहरुसँग गर्न खोजिएका सम्झाकस्ैताहरु कार्यान्वयनमा आउन सकेनन् ।

जसको कारण पूँजीकोष र तरलता व्यवस्थापन असहज हुँदै गयो । इन्स्टिच्युसनल प्लेसमेन्टमार्फत् सन् २०१९ अगष्टमा ४६.२ करोड रुपैयाँको पुँजी जारी गरे पश्चात बैकले थप पुँजीका लागि लगानीकर्ता खोज्न सकेन ।

यसबाहेक सरकारको नोटबन्दीको कारण पनि बैंकलाई आफूले धितोमा राखेका सम्पत्तिलाई तरल सम्पत्तिमा परिवर्तन गर्न गाह्रो पर्यो । र, तरलतामा समस्या पर्दै गयो । आरबीआइले पनि प्रारम्भिक आंकडाहरुको आधारमा समय मै यो बैंकको व्यव्स्थापन तथा बैंकको कर्जाको गुणस्तरमा समीक्षा नगरेकै देखिन्छ । सरकारले एसबीआईको पूर्व सीएफओ प्रशान्त कुमारलाई प्रशासकका रुपमा नियुक्त गरेर बैंकको पुनसंरचनामा काम शुरु गरिसकेको छ । सरकारले ३० दिनभित्र बैंकमा थप पुँजी लगाउने या अरु कसैसँग गाभ्ने निर्णय गर्नेछ ।

यसबाट लिनुपर्ने शिक्षा

१) आक्रमक व्यापार विस्तार र नाफाको लक्ष्यलाई मात्रै पछ्याउँदा समय लाग्न सक्छ तर दुर्घटना पक्कै हुन्छ । बैक सञ्चालनमा तरलताको भूमिका धेरै ठूलो हुन्छ ।

लिक्यूडिटी म्याचिङलाई समीक्षा गरिरहनु पर्दछ । नेपालमा पनि संस्था राम्रो या वाहवाही पाउन व्यवसाय वृद्धि, नाफा वृद्धि र कम एनपीए मै जोड देखिन्छ । गुणस्तरीय विश्लेषण गरेर न पत्रकारले लेख्ने न त बजारले नै देख्ने अवस्था छ । त्यसमा विचार गर्नुपर्छ ।

२) एनपीए लुकाएर व्यवस्थापन गर्नाले पछि गएर सम्हाल्न नसकिने गरी बिस्फोटन हुन्छ यसर्थ बैक ब्यबस्थापनले एनपीए लुकाउने भन्दा डिसक्लोज गरेर जतिसक्दो छिटो समाधानतर्फ लाग्दा नोक्सान कम हुन्छ ।

३) जुन संस्थामा एकजना मान्छेको मात्रै हालीमुहाली चल्छ त्यहाँ संस्थागत सुशासन कमजोर हुने सम्भावना अत्यधिक हुन्छ । यस्ता संस्थाहरुलाई केन्द्रीय बैकले सुक्ष्म निगरानीमा राखेर सुपरीबेक्षण गरिरहनुपर्ने हुन्छ । प्रभाव तथा दबाबमा पर्नु हुँदैन ।

४) कमजोर संस्थागत सुशासन भएको संस्था लामो अवधि टिक्न सक्दैन । कुनैबेला हाइहाइ भएता पनि आखिर यस्तो संस्थाले ग्राहक, सेयरधनी, नियामक निकायदेखि सरकारसम्म तनाब दिन्छ ।

५) व्यवस्थापन वा ठूला सेयरधनीबीच तालमेल नभइ तनाब र आपसी मनमुटाबको साथ अघि बढिरहेका संस्थाहरु लामो समय आफ्नो लक्ष्य अनुसार टिक्न सक्दैनन ।

६) बैंक तथा वित्तीय संस्थाको समस्याको अन्तिम अवस्थामा सेयरधनीहरु जिम्मेवारीबाट बाहिरिन्छन वा केही गर्न नसक्ने अवस्थामा पुग्दछन् । अनि जिम्मेवारी नियामक निकाय र सरकारले लिनुपर्ने हुन्छ यसर्थ राम्रो अवस्थामा चल्दै गर्दा यस्ता संस्थाहरुले नाफा मात्र नहेरी सरकारको लक्ष्य प्राप्तिमा सहयोगी भूमिका खेल्नु पर्दछ । नियमनकारी निकायका निर्देशनलाई मर्मको हिसाबले बुझेर काम गर्नुको सट्टा तोडमरोड गरेर अघि बढ्न खोजेमा बैंकहरु डुब्ने बाटोतिर लागे भनेर बुझ्नु पर्दछ ।

- क्लिकमान्डुबाट

# कहाँ छ बाल अधिकार



**कृष्ण बहादुर बोगटी काका**
**धुम्बाराही ४, काठमाण्डौ**

साना बालबालिकाहरुले फोहोरबाट खाना टिपेर खाइरहेको चिसो सडकपेटिमा सुतेको जस्ता बालबालिकाको विचल्ली भएको झल्किने विविध फोटोहरु खिची विदेशी दाताहरुलाई देखाई उनिहरुका उद्दार गर्ने भन्दै संस्था संचालन गरी बसेका संचालकहरु सडक बालबालिकाको त हैन बरु आफु, आफन्त र आफ्ना आसेपासेको उद्दार गर्न भने सफल भएका छन् । उनिहरुको पहिलाको अनि अहिलेको काम कागजी मात्र गर्ने तथा भ्रष्टाचारको पराकाष्टा नाघ्दै आफ्नो र आफ्नो परिवारको जीवनस्तर उकास्दै जाने प्रबधि बड्दै गएको छ । आलिसान महलमा बस्ने करौडौको गाडी चढ्ने अनि आफूलाई मान अधिकारवादी हुँ भन्ने भ्रष्ट संचालकहरुलाई कुनै कार्यवाही नभएको देख्दा यो देशमा कानुन भन्दा माथी शक्ति, पहुँच र पैसाको शासन छ भन्ने आम बुझाई हुन पुगेको छ । विविध क्षेत्रमा काम गर्न खोलिएका संस्थाहरु डलरको खेति गर्नमा नै तल्लिन हुने अवस्थाले गर्दा सम्वन्धित क्षेत्रमा हुनु पर्ने खर्च आफै पचाउने संस्था संचालकहरु सुरुमा के थिए र आज कहाँ पुगे प्रत्यक्ष देखिएकै कुरा हो तर खै किन हो हाम्रो प्रशासन तथा जिम्मेवार निकायहरु यसमा मौन बसेको देखिन्छ। समाज सेवा गर्ने नाममा आफै मेवा खाने प्रबृत्ति रहे स्थिति सधै यस्तै रहने पक्का छ। अझ बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको प्रगती विवरण हेर्ने हो भने कति राम्रा राम्रा काम भएको पढ्न पाइन्छ तर यथार्थ त हाम्रो देशका सडक, होटल, मिल जता हेरे पनि प्रष्ट देखिन्छ, न त सडक बाल बालिकाको संख्या घट्दो छ न बाल मजुदरको संख्या कम हुन सकेको अवस्था छ । अझ तथ्याङ्क हेर्ने हो भने पहिले भन्दा बढि जोखिम परिस्थितिमा बालबालिका रहेको देखिन्छ, किन त ? उत्तर सबैलाई थाहा छ । राम्रो काम गरे समस्या हल हुन्छ अनि माग्ने बाटो बन्द हुन्छ । नेपालमा यति धेरै संघ संस्था खोलिएका छन् बालअधिकारका नाममा तर पनि देशमा बालअधिकार नारामा मात्र सिमित हुनुको पछाडी संस्था संचालकहरुले निस्वार्थ भावले काम गर्न नसक्नु नै हो । जबसम्म यहाँ भ्रष्ट संचालकहरुलाई कडा भन्दा कडा सजाय हुन्न यो रोकिनेवाला पनि छैन तर सरोकार वालाहरु कानमा तेल हालेर बसेको भान हुन्छ । राम्रोसंग छानविन गर्ने हो भने नेपालका प्राय एन.जि.ओ., आइ.एन.जि.ओ. का संचालकहरुको अकुत सम्पत्ति पत्ता लाग्छ । कुनै बेला साइकल समेत नहुनेहरु अहिले पजेरो चढ्छन ।

अरुको घरमा भाडामा बस्नेहरु अहिले आफ्नो आलिसान महल बनाउन भ्याइ सके तर पनि कुनै छानविन छैन। गरिबहरुलाई दुई छाक टार्न गाह्रे छ देशमा सबै क्षेत्रमा समस्या छन् । तिनै समस्या देखाएर विदेसबाट सहयोगका नाममा करोडौ भित्राएर पचाउन पल्केका यस्ता भ्रष्ट संचालकहरु दण्डका भागी छन् विडम्बना भनौं कारवाही कसले गर्ने ?

## खेलकुद

# आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश

मनाङ मर्स्याङ्दी क्लब पोखरामा जारी १८ औं संस्करणको आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । पोखरा रङ्गशालाभित्रको फुटबल रङ्गशालामा झापा ११ फुटबल क्लब माथि १-० को साँघुरो अन्तरको जीत निकाल्दै मनाङ प्रतियोगिताको अन्तिम चरणमा प्रवेश गर्न सफल भयो । प्रतिष्पर्धात्मक खेलको पहिलो हाफ गोलरहित बराबरीमा टुङ्गिएकामा खेलको ७६ औं मिनेटमा अन्जन विष्टको गोलमार्फत मनाङले खेलमा अग्रता बनायो । मैदानको दायाँ भागबाट आएको बललाई विष्टले डिवक्स नजिकबाट दोस्रो बारमा प्रहार गरेको बलले जाली चुमेको थियो । खेलमा विष्टको एक मात्र गोलनै निर्णायक बन्यो र झापा प्रतियोगिताको क्वाटर फाइनलबाटनै बाहिरियो । सेमिफाइनलमा अब मनाङले त्रिभुवन आर्मी क्लब र सङ्कटाबीचको खेलको विजेतासँग खेल्नेछ । खेलमा दुवै टोलीले गोलका केही सुन्दर मौका प्राप्त गरे पनि सदुपयोग गर्न सकेनन् ।

पहिलो हाफको इन्जुरी समयको दोस्रो मिनेटमा झापाका सुनिल खड्काको शक्तिशाली प्रहारलाई मनाङका गोलकिपर अशोक बरालले मुस्किलले पञ्च गरेर बाहिर फाल्नुभएको थियो । नियमित समयको अन्तिम मिनेटमा मनाङका फरवार्ड विमल रानाले 'वान भर्सेस वान' को अवस्थामा गोल गर्न असफल हुनुभयो । खेलमा निर्णायक गोलकर्ता मनाङका विष्ट 'म्यान अफ दि म्याच' घोषित हुँदै रु पाँच हजार तथा ट्रफी पुरस्कार प्राप्त गर्नुभयो । खेलपछिको पत्रकार सम्मेलनमा पराजित टोलीका प्रशिक्षक सन्तोष गुरुङले टोलीका सरोज कार्की, अङ्कुर तामाङ र प्रमोद चौधरी घाइते भएकाले प्रदर्शनमा असर पुगे पनि समग्रमा खेल राम्रो रहेको प्रतिक्रिया दिनुभयो । मनाङका विदेशी प्रशिक्षक फुजा टोपेले खेलमा जीत हात पारेपनि खेलाडीको खेलबाट आफू सन्तुष्ट हुन नसकेको बताउनुभयो । धरानमा खेलेको पाँच दिनपछि पोखरामा खेल्न आएको र खेलाडीलाई बढी आराम भएको र अभ्यास नहुँदा प्रदर्शन सोचेअनुसार नभएको उहाँको भनाइ थियो । विसं २०५८ फागुन ७ गते क्याराभान गोल्डकपका नामबाट सहारा क्लबले प्रतियोगिता आयोजना शुरुआत गरेकामा आज मनाङ र झापाबीचको खेल २०० औं बन्न पुगेको छ । क्याराभान गोल्डकपबाट शुरु भएको प्रतियोगिता त्यसपछिका हरेक संस्करणलाई यहाँको औद्योगिक घराना हिमश्री फुड्सको उत्पादन आहा रारा चाउचाउले मुख्य प्रायोजन गर्दै आएको छ । विसं २०५९ देखि प्रतियोगिता आहा राराको नामबाट सञ्चालन हुँदै आएको हो । यस प्रतियोगिता मोफसलको एक प्रतिष्ठित र नियमित सञ्चालन हुने प्रतियोगिताको रुपमा स्थापित भएको छ । क्लबले २०० औं खेलका अवसरमा खेलाडीलाई मायाको चिनो तथा मैदानमा बेलुन उडाएर खुशियाली मनाएको थियो ।

प्रतियोगिताबाट बचत रकम क्बबले पोखरा-१७ दोविल्लामा क्लबद्वारा सञ्चालित सहारा फुटबल एकेडेमीका बालकहरुका लागि खर्च गर्दै आएको अध्यक्ष केशवबहादुर थापाले बताउनुभयो ।

# होलीको रंग मानव स्वास्थ्यका लागि खतरनाक

## स्वास्थ्य

होली पर्वमा बच्चादेखि वृद्धहरुसम्म सबै जना एकअर्कालाई रंग लगाउन मन पराउँछन् । विभिन्न प्रकारका रंगहरुमार्फत सबैमा एकअर्काप्रति रहेका साना(ठुला गुनासाहरु टाढा हुन्छन् । हरेक ठाउँमा उल्ल्ासको माहोल हुन्छ । तर यो रमाइलो क्षणमा हामी एउटा कुरालाई ध्यान दिन बिर्सन्छौं । त्यो हो होलीमा प्रयोग हुने रंग । रंग प्रयोग गर्दा हुने लापरवाहीका कारण हाम्रो छालामा विभिन्न किसिमको समस्याहरु उत्पन्न हुन्छ । वास्तवमा बजारमा विभिन्न प्रकारका रंगहरु उपलब्ध हुन्छन् । धेरै जसो रंग छालाका लागि हानिकारक हुन्छ । त्यस्तो अवस्थामा सावधानी अपनाउने मात्र नभएर त्यस्तो रंगहरुको छनोट गर्नु पर्छ जसले छालालाई हानि नपुर्‍याओस् ।

बजारमा उपलब्ध रंगका प्रकार

विशेष गरेर बजारमा तीन प्रकारका रंग उपलब्ध छन् । जसमा पेस्ट, पाउडर र गिला रंगहरु समावेश छन् । प्रायः यी रंगहरुमा केमिकल मिसाइएको हुन्छ । त्यस्तै बजारमा हर्बल रंग पनि सजिलै प्राप्त हुन्छ, जसले छालालाई कुनै प्रकारको हानी पुर्‍याउँदैन । रंगहरुले छालामा कस्तो प्रकारले प्रभावित गर्छ भन्ने कुरा थाहा हुन आवश्यक छ । त्यस्तै तिनीहरुको प्रयोग गर्दा कस्तो फाइदा र नोक्सान हुन्छ भन्ने पनि थाहा पाउनु पर्छ । जुन यस प्रकार छ ।

पेस्ट

यस प्रकारको रंग ट्यूबको रुपमा बजारमा उपलब्ध छन् । जुन हेर्दा जेल जस्तो देखिन्छ । त्यस प्रकारको रंगलाई मानिसहरुले त्यति मन पराउँदैनन् । त्यसैले त्यो अन्य रंगहरुको तुलनामा त्यति प्रयोग हुँदैन र जहाँ पायो त्यहाँ पाइँदैन पनि । यस प्रकारको रंगमा केमिकलहरुको मात्रा धेरै हुने भएकाले यसको प्रयोगले छालालाई अति नै नोक्सान पुर्‍याउँछ । यसले छालालाई सुख्खा बनाउँछ भने कहिलेकाहिं यसले छाला पोलेको पनि महसुस हुन्छ । त्यसैले यस प्रकारको रंगहरुबाट टाढा रहनु नै फाइदाजनक हुन्छ ।

पाउडर

होलीमा पाउडर अर्थात सुख्खा रंगको धुलो सबैभन्दा धेरै प्रयोग हुन्छ । यो केमिकल र हर्बल दुई प्रकारको हुन्छ । धेरैजसो मानिसहरुलाई हर्बल रंगहरुको बारेमा त्यति धेरै जानकारी नहुनाले केमिकल मिसिएको रंग किन्छन्, तर केमिकल मिसिएको रंग छालाका लागि अति नै नोक्सानदायक हुन्छ । यसमा कलरेन्ट नामक तत्व पाइन्छ, जुन छालाका लागि अति नै बिषाक्त हुन्छ । विशेष गरेर पानीसंग यसलाई मिसाएर प्रयोग गर्दा छालामा यसको असर दुई गुणा बढि हुन्छ ।

यसको प्रयोगले छाला पोल्ने मात्र नभएर छालामा रातो दागहरु पनि उत्पन्न हुन्छ । हरीयो रंगमा कपर सल्फेट मिलाइन्छ, जसले छालाको एलर्जी हुनुको साथै आँखामा पनि नराम्रो असर पुर्‍याउँछ । रातो रंगमा मर्करी हुन्छ, जसका कारण छालाको क्यान्सर हुन सक्छ । त्यस्तै नीलो रंगमा कोबाल्ट नाइट्रेट हुन्छ, जसले छालाको एलर्जी, क्यान्सर र दमको समस्या हुन सक्छ ।

चम्किलो पाउडर

चम्किलो पाउडर भएको रंगमा एस्बेस्टस नामक तत्व पाइन्छ । एस्बेस्टसले छालाको क्यान्सर हुन सक्छ । यो रंग बजारमा सजिलै प्राप्त हुन्छ र यो हेर्दा पनि धेरै आकर्षक देखिने भएकाले यसलाई मानिसहरुले धेरै किन्छन् ।

गाढा रंग

वास्तवमा यो बजारमा पाउडरको रुपमा नै उपलब्ध हुन्छ, तर यसको प्रयोग पानीसंग मिसाएर गरिन्छ । एकपटक छालामा लगाएपछि यसलाई सफा गर्न अति नै गाह्रो हुन्छ । छालालाई पूर्ण रुपमा सफा गर्न कम्तिमा पनि ४(५ दिनको समय लाग्छ । यसमा समावेश केमिकलहरुका कारण छाला पोल्ने, खुख्खापन, विमिरा, रातो दाग आदि जस्ता समस्याहरु उत्पन्न हुन्छन् । त्यसैले मानिसहरु यसको प्रयोग अति नै कम गर्छन् । गाढा रंगको प्रयोग बालबालिका र उच्छृंखल स्वभावका मानिसहरुले धेरै मन पराउँछन्, किनभने उनीहरुले अरुलाई दिक्क बनाउने एउटा राम्रा मौका पाउँछन् ।

हर्बल रंग

यस प्रकारको रंग गीलो अथवा धुलोको रुपमा हुन्छन् । हर्बल रंग छालाका लागि अति नै सुरक्षित र फाइदाजनक हुन्छ । हर्बल रंगले छालामा कुनै प्रकारको नोक्सान नपुर्‍याउने भएकाले अन्य रंगहरुको तुलनामा महंगो हुन्छ । यी रंगहरुलाई घरमा पनि सजिलै बनाउन सक्नु नै यस रंगको विशेषता हो ।

पहेलो रंग

पिँधेको चामल अथवा गहुँको पिठोमा बेसार मिसाएर पहेलो रंग तयार गर्न सकिन्छ । यसबाहेक सयपत्री फुललाई पानीमा उमालेर पनि पहेलो रंग बनाउन सकिन्छ ।

रातो रंग

रातो रंगका लागि रातो गुलाब अथवा चुकन्दरलाई पानीमा उमालेर अथवा रातो चन्दनको पनि प्रयोग गर्न सकिन्छ ।

हरीयो रंग

हरीयो रंग बनाउनका लागि पालुङ्गो अथवा धनियाँको पातलाई पानीमा उमाल्ने अथव मिक्सरको सहयोगले यसको पेस्ट तयार गर्न सकिन्छ ।

गुलाबी रंग

गुलाबी रंगका लागि गुलाबी रंगको गुलावलाई पानीमा उमाल्नु पर्छ ।

यी कुराहरुलाई ध्यान दिनु पर्छ

- केवल हर्बल रंगहरुको मात्र प्रयोग गर्नु पर्छ ।
- गाढा रंगहरुको प्रयोग गर्नु हुदैन ।
- रंग लगाउनु अगाडि शरीरमा तोरीको तेल लगाउनु पर्छ ।
- रंग खेल्दा सम्पूर्ण शरीर ढाकिने किसिमको लुगा लगाउनु पर्छ । यसो गर्दा रंग शरीरमा लाग्न सक्दैन ।
- रंगलाई आंखामा पर्न दिनु हुदैन । यदि रंग आंखामा पस्यो भने आंखालाई चिसो पानीले सफा गर्नु पर्छ । यदि धेरै समस्या भयो भने डाक्टरलाई देखाउनु पर्छ ।

# रामेछाप डायरी

## शितलादेवी माध्यमिक विद्यालयलाई सहयोग गर्ने दर्जनौं व्यक्तित्व सम्मानित

**- गणेश बहादुर थापा मगर**

रामेछाप । रामेछाप नगरपालिका-२, सिरुवारीस्थित रहेको श्री शितलादेवी माध्यमिक विद्यालयले विभिन्न व्यक्तित्वहरुलाई सम्मान गरेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानबहादुर पुलामीले दिएको जानकारी अनुसार फागुन १८ गतेदेखि २४ गतेसम्म सप्ताहव्यापी रुपमा भएको हीरक महोत्वको



अन्तिम दिन आर्थिक सहयोग र विभिन्न समयमा विद्यालयलाई सहयोग गर्ने व्यक्तित्वहरुलाई सम्मान गरेको बताउनुभयो । उहाँ अनुसार विद्यालयलाई सबैभन्दा बढी आर्थिक सहयोग गर्ने अधिवक्ता रक्षाबहादुर रैका मगर, लण्डनबाट विजयी दर्लामी मगर र रुद्र दर्लामी मगरलाई सम्मान गरेको छ । उहाँहरुले विद्यालयलाई ३ लाखभन्दा बढी आर्थिक सहयोग गर्नुभएको समितिका अध्यक्ष पुलामीले बताउनुभयो । त्यस्तै मास्टर डिग्री पास गरेका पहिलो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञान पुलामी मगर,राष्ट्रिय अनुसन्धान विभागका एसपी मोहन काफ्ले मगर, नेपाली सेनाका मेजर राजकुमार थापा मगर, नेपाल प्रहरीका डिएसपी रामबहादुर पौडेल, नेपाली सेनाका सहसेनानी रुद्र आछामी मगर, पूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष, पूर्व प्र.अ.लगायत दर्जनौं व्यक्तित्वहरुलाई सम्मान गरेको छ । प्रतिनिधिसभा सदस्य श्यामकुमार श्रेष्ठ (कुशल)को प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेकपा नेता देवशंकर पौडेल, प्रदेश सांसद शान्तिप्रसाद पौडेल, रामेछाप नगरपालिका नगरप्रमुख नरबहादुर थापा मगर, नेकपा नेता तारानारायण श्रेष्ठलगायतको उपस्थिती रहेका थिए । हिरक महोत्सवमा संस्कृतिक, झाँकी प्रदर्शन र खेदकुदका कार्यक्रमहरु आयोजना गरेको थियो । बि.स २०१६ सालमा स्थापना भएको सो विद्यालयमा कक्षा १० सम्म अध्यापन हुदै आएको छ ।

## रामेछाप नगरपालिकामा ७ दिने तालिम

रामेछाप नगरपालिकामा मेलमिलापकर्ताहरुका लागि ७ दिने मेलमिलाप सम्बन्धि आधारभुत तालिम आज सम्पन्न भएको छ । रामेछाप नगरपालिकाको आयोजनामा नगरपालिकाका वडा स्तरीय मेलमिलापकर्ताहरुका लागि मेलमिलाप सम्बन्धि आधारभुत तालिम दिईएको हो । आगामी दिनमा मेलमिलापको क्षेत्रमा चुस्त ,दुरुस्त रुपमा काम होस भनेर नगरपालिकाले तालिमको आयोजना गरेको बताइएको छ । उक्त तालिममा नगरपालिकाको ९ वटा वडाहरुबाट २२ जना मेलमिलापकर्ता छनौट गरेर सहभागि गराइएको थियो । तालिममा सहभागी मेलमिलापकताहरुलाई प्रशिक्षकहरु हिमाल ढुंलेग र यादव प्रसाद दाहालले प्रशिक्षण दिनुभएको थियो ।

## स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मीको अभाव

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिका ७ को स्वास्थ्य चौकी खाँडादेवीमा अहिले १ जना अहेव र २ जना कराका अनमीहरुले स्वास्थ्य सेवा प्रवाह गरि रहेका छन् । सो स्वास्थ्य संस्थाका हेल्थ असिस्टेन्टको दरबन्दि रिक्त रहेको छ । एकजना अहेवको दरवन्दि पनि खालि छ । दरवन्दिका दुवैजना अनिमि छैनन् । स्वास्थ्य संस्थामा आधा भन्दाबढी स्वास्थ्यकर्मीको दरवन्दि रिक्त छ । खाँडादेवी गाउँपालिकाले स्वास्थ्य संस्थाहरुको भौतिक संरचनामा उल्लेख्य सुधार गरेको छ । पालिका अन्तर्गतका सबै वडाका स्वास्थ्य संस्थाहरु सुविधा सम्पन्न बन्दै गएका छन् । तर स्वास्थ्यकर्मीको अभावको कारण स्वास्थ्य सेवा प्रवाहमा भने समस्या देखिएको छ । सो गाउँपालिकामा कुल ८ वटा स्वास्थ्य चौकी, ४ वटा सामुदायीक स्वास्थ्य इकाई र एक आधारभुत स्वास्थ्य केन्द्र रहेका छन् । गाउँपालिकाले स्वास्थ्य सेवालाई प्रभवाकारी बनाउन भौतिक पूर्वाधारमा सुधार, स्वास्थ्य संस्थाको व्यवस्थापन तथा उपकरण र औषधिमा लगानी गरेको गाउँपालिका अध्यक्ष प्रेमबहादुर तामाङ बताउँछन् । गाउँपालिका तथा वडाकार्यालयहरुले स्वास्थ्य चौकी खाँडादेवी, स्वास्थ्य चौकी राकाथुम लगायतका स्वास्थ्य संस्थालाई व्यवस्थपनको हिसावले नमुना बनाएका छन् । तर ती स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी नहुँदा भने नागरिकले राम्रो स्वास्थ्य सेवा पाउन सकेका छैनन् । राकाथुमको अवस्था पनि त्यस्तै छ । सो स्वास्थ्य संस्थामा पनि एचएको दरवन्दि खाली छ । एक जना अहेव र २ जना अनिमिले स्वास्थ्य संस्था सञ्चालन गरि रहेका छन् । दर्वन्दि अनुसारका स्वास्थ्यकर्मी नहुँदा सेवा प्रवाहमा निक्कै समस्या भएको स्वास्थ्य चौकीका अहेव पुरण साह बताउँछन् । स्वास्थ्य संस्थालाई भौतिक पुर्वाधारका हिसावले सम्पन्न बनाए पनि कर्मचारी नहुँदा भने समस्या भएको खाँडादेवी १ का वडाअध्यक्ष विष्णुकुमार श्रेष्ठ बताउँछन् । सो गाउँपालिका भरिकै स्वास्थ्य चौकीहरुमा स्वास्थ्यकर्मीहरुको अभाव छ । गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख ओमप्रकाश श्रेष्ठका अनुसार सो गाउँपाकिमा कुल ८ जना हेल्थ असिस्टेन्ट हुनु पनुपर्नेमा ५ जनाको दर्वन्दि खालि छ । त्यस्तै १६ जना अहेवमा ३ जनाको दरबन्दी खालि छ ।

## सम्बन्ध विच्छेदको घटना किन बढीरहेका छन

रामेछाप । रामेछाप जिल्लामा सम्बन्ध बिच्छेद गर्नेको संख्या बषै पिच्छे बढ्दै गएको छ । जिल्ला अदालत रामेछापका श्रेतेदार राम चन्द्र मण्डलका अनुसार चालु आर्थिक बर्षको हालसम्म अघिल्लो बर्षको सरी आएको सहित ७३ सम्बन्ध बिच्छेदको मुद्दा रहेकोमा ४१ मुद्दा पछ्यौट भइसकेको छ । रामेछाप जिल्ला अदालतको तथ्याङ्क अनुसार फागुन महिनाको १९ गते सम्म ४९ महिला र २४ पुरुषले सम्वन्ध बिच्छेदको लागि निबेदन दिएका छन् । जिल्ला अदालत रामेछापमा हाल ३२ सम्बन्ध बिच्छेद मुद्दा पछ्यौट हुन बाकि छन् । श्रेतेदार मण्डलका अनुसार गत चालु आर्थिक बर्ष ०७५/७६ मा सरि आएका सहित १ सय १८ सम्बन्ध विच्छेदका निबेदन परेकोमा ८४ मुद्दाको फैसला भएको थियो ।

# प्र.म. ओलीको नयाँ जिवन



मोहन पोखरेल

प्रधानमन्त्री के.पी. ओलीको मृगौला प्रत्यारोपण सफल भएको छ। प्रत्यारोपण गर्ने चिकित्सकहरुको टिमलाई धन्यवाद दिनैपर्छ। प्रधानमन्त्रीले नयाँ जिवन पाउदा देशवासी सबै खुशी छन्। सफल प्रत्यारोपणले अर्को के सन्देश दिएको छ भने नेपालमा पनि दक्ष चिकित्सकहरुको कुनै कमि छैन। साथ(साथै मृगौला सम्बन्धि मात्र नभएर अन्य घातक रोगहरुको पनि नेपालमा उपचार सम्भव छ र भौंतारिदै विदेशका महंगा अस्पतालमा जानु नपर्ने अर्को गतिलो सन्देश पनि दिएको छ। प्रधानमन्त्रीले स्वदेशका डाक्टरहरुलाई विश्वास मानेर नै यति ठूलो शल्यक्रिया सम्भव भएको हो। यस सफल प्रत्यारोपणबाट स्वदेशका चिकित्सकहरुको मनोवल बढेको छ। अरु भन्दा हामी कमि छैनौ भन्ने सन्देश सबै नेतागणहरुलाई हाम्रा चिकित्सकहरुले दिएका छन्। हामी सवैले प्रधानमन्त्रीको सफल मृगौला प्रत्यारोपणको स्वगत गर्नैपर्दछ सानो तिनो विमार लाग्दा राज्यको ढुकुटीबाट करोडौ स्वाहा बनाएर विदेशका महंगा अस्पतालमा भर्ना हुने र त्यसपछि आफुहरुलाई गौरवान्वित ठान्ने विशिष्ट कहलिएकाहरुले प्रधामन्त्रीको सफल शल्यक्रियाबाट पाठ सिक्न सक्नु पर्दछ।

वरिष्ठ सर्जन प्रा.डा. प्रेमराज ज्ञवाली र उहासंग प्रत्यारोपणमा संलग्न डाक्टरहरुको टिम दक्ष र अनुभवशिल रहेको बुझ्न सकिन्छ। भाञ्जी नाता पर्ने समिक्षा संग्रौलाको देव्रे कोखातर्फको मृगौला झिकेर चिकित्सकको टिमले प्र.म. केपी ओलीको दोश्रो मृगौला प्रत्यारोपण सफल बनाएका छन्। यो शल्यक्रिया चानचुने किसिमको होइन किनकी दोश्रो मृगौला प्रत्यारोपण एउटा जटिल शल्यक्रियो थियो। यस अघि दिल्लीको अस्पतालमा वरिष्ठ सर्जन प्रा.डा. अनन्त कुमारले ओलीको मृगौला प्रत्यारोपण गराएका थिए। उनी पनि प्रत्यारोपणका वेला दिल्लीबाट काठमाण्डौ आएका थिए। ब्याक साइडमा बसेर शल्यक्रियामा सघाउ पुऱ्याएका थिए। कतै केही तल माथि हुन्छ कि भनेर डा. अनन्त कुमारको सहयोग लिनको लागि ब्याक साइडमा राखिएको थियो।

जे होस् प्रधानमन्त्री ओलीले नयाँ जिवन पाएका छन्। मृगौलाले राम्रो संग काम गर्न थालेको खण्डमा अरु ७ वर्ष ओली स्वस्थ्य रहनेछन्। प्रधानमन्त्री ओलीले अब निर्धक्कसंग बाँकी ३ वर्षको अवधीलाई सजिलै गुजार्ने छन्। किनकी उनमा उर्जा थपिएको छ, सहानुभुती बटुलेका छन्। २ वर्षमा विग्रदै गएका कामलाई सपार्दै र आउने काम कारवाहीलाई दह्रो संग आत्मविस्वासका साथ काम गर्ने जाँगर पलाएको छ। यस घटनाले सरकारमा उर्जा थपेको छ र सरकारमा रहेका मन्त्री र पार्टीमा रहेका वरिष्ठ देखि सबै कनिष्ठ नेताबाट प्रेरणा र सहानुभुती मिल्दै जाने विश्वास लिन सकिन्छ। गुट उपगुट लाई पनि चिदै एउटै मनसायले काम गर्ने प्रेरणा यस सफल प्रत्यारोपणले दिएको छ।

मुलुकको विग्रदो राजनीति र त्यसले विगार्दै गएको सरकारका काम कारवाहीमा र प्र.म. ओली सचेत रहदै आत्मविश्वासका साथ अघि बढ्न जरुरी छ। त्यसो त प्रधानमन्त्री नै पार्टी अध्यक्ष भएकै कारण पार्टी प्रतिको जिम्मेवारी पनि लिनु पर्ने हुन्छ। खराव काम गरेमा खराव भन्ने र राम्रो काम गरेमा राम्रो भन्ने चलन वसालेमा पार्टी र सरकार दुवै तिरको राम्रो हुन्छ। घमण्डले दाहा नङ्ग्रा फिजाउन थाल्ने हो भने कतै पनि केही हात लाग्ने वाला छैन। देशको हावापानी माटोले अझै निर्धक्क संग ३ वर्ष काम गर्ने मौका प्रधानमन्त्री ओलीलाई दिएको छ। यस तनाव, नैराष्यता उपगुट, गुट आदीले जेलिदै जाने हो भने मृगौलामा थप समस्या आउने डाक्टरहरुको तर्क छ।

सधैं भरी विमारै विमारले घेरिएर अस्पताल आइरहदा सरकारमा बाधा अड्चन आइरहन्छ। विरामी सरकार प्रमुखले राष्ट्र हाक्न सक्दैन भन्ने मान्यतालाई प्र.म. ओलीले अनुशरण गर्न सिक्नु पर्दछ। मानिस सधै भरी निरोगी रहदैन र रोगी हुने उसको इच्छा पनि हुदैन। तर समय परिस्थितिले उसलाई रोगी बनाइदिन्छ। दीर्घ रोगीलाई सधै भरी अवसर हुदैन।

प्रधानमन्त्री भएकै कारण भनौ या राष्ट्र प्रमुख भएकै कारण ओलीलाई यस्तो अवसर जुटेको हो। समिक्षा संग्रौलाले पनि मामा भएका कारणले होइन राष्ट्र प्रमुख भएका कारणले आफुले ओलीलाई मृगौला दान गरेको बताएकी छन्।

यस भनाइबाट पनि प्रधानमन्त्री ओली तथा उनको पार्टी नेकपा बढी विवेकशिल र चिन्तनशिल बन्न सक्नु पर्दछ।

अर्काको शरिरको अंग झिकेर दाता बन्नु चानचुने कुरा होइन समिक्षा संग्रौला दानी भएकी छिन्। यस्तो अविश्मरणिय दानलाई चिर पर्यन्त नेकपाका नेताहरुले कहिल्यै विर्सनु हुदैन। हाम्रो देशमा गरिवीका कारण सस्तोमा मृगौला फेल हुदा उपचार नपाएर मर्नेको संख्या धेरै छ। सरकारले विपन्न वर्ग तथा गरिवीबाट आक्रान्त नेपाली दाजु भाइ, दिदी बहिनीका लागि यसै गरी उपचार पद्धती बसाल्दै गएमा देशको मुहार बदलिने थियो।

सबै देशवासीहरुमा सर्वसुलभ उपचार को व्यवस्था गरियो भने हाम्रो देशमा रोगबाट आत्तिएर कोही कसैको मृत्यु हुने छैन भन्ने सन्देश राज्यले दिनु परेको छ।

हामी मात्रै सबै थोक हौ भन्न मान्यतालाई सरकार हाक्नेहरुले विर्सनु पर्दछ। अनि मात्र विरामीहरुको उद्धार हुनेछ। आफ्नो शरिरको माया जसरी आफुलाई लागि रहन्छ उसैगरी विपन्न गरिवीबाट आक्रान्त विरामीहरुका लागि पनि उचित राहत दिइ सबैलाई माया गर्न जान्नु पर्दछ। यसैमा राष्ट्रको कल्याण छ।

## गोदावरी नगरपालिकाले बस सञ्चालन गर्ने

ललितपुर। गोदावरी नगरपालिकाले छिट्टै पाँच नगर बस सञ्चालन गर्ने भएको छ। चापागाउँमा नगरपालिकाको कार्यालय रहँदा दुई बस चढेर आउनुपर्ने जनताको गुनासो बढेसँगै गोदावरीले उक्त बस सञ्चालन गर्न लागेको हो।

कार्यालयबाट पर रहेको स्थान वडा नं १ गोदामचौर, वडा नं २ विशङ्खु, वडा न. ७ देवीचौर, वडा नं ८ डुकुछाप र वडा नं ९ छम्पी हुँदै बस घुमाएर जनतालाई सुविधा दिइने नगर प्रमुख गजेन्द्र महर्जनले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “बस खरिदका लागि हामीले यही फागुन २ गतेको छैटौँ नगरसभाको निर्णयमा रु दुई करोड रकम खर्च गर्ने योजना बनाएका छौँ।” नगरपालिकाले पहिलो पटक आफ्नो लगानीमा उक्त बस खरिद गर्न लागेको महर्जनले बताउनुभयो।

नगरपालिकाले बस खरिद गरी सुविधा पुऱ्याएसँगै कार्यालयमा काम लिन आउन अपायक भयो भन्ने जनतालाई राहत पुग्ने वडा नं ३ का वडाध्यक्ष बालमुकुन्द घिमिरेले विश्वास व्यक्त गर्नुभयो। “बस खरिद गरेर ल्याएपछि कहाँबाट कति भाडा लिने भन्ने कुराको कार्यविधि बनाएर मात्र सञ्चालन गर्छौं”, घिमिरेले भन्नुभयो।

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

हार्दिक शुभकामना

अन्तराष्ट्रिय नारी दिवको उपलक्ष्ययमा सम्पुर्ण नारी वर्गको बर्गिय हकहित स्वतनत्रता तथा मानवीय दृष्टिकोणमा सघाउ पुग्ने गरी प्रप्त लोकतान्त्रिक गणतन्त्रले अंगिकार गरेको शुसासन तथा मानवीय स्वतन्त्रताको रक्षार्थ राज्यलाई प्रेरेणा मिलोस भन्दै हार्दिक शुभकामना ब्याक्त गर्दछु।

यम बहादुर मगर
कार्यवाहक अध्यक्ष
भरतपुर महानगरपालिका
वडा न. १ को कार्यलय, नाराणगढ
चितवन

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा, डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ। गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ।

# अन्तराष्ट्रिय समाचार

## कोरोना भाइरसका कारण विश्वभर ३ हजार ५ सय ९५ को मृत्यु

विश्व स्वास्थ्य सङ्गठनले आइतबार बिहान दिएको तथ्याङ्क अनुसार कोभिड-१९ विश्वका १०१ मुलुकमा फैलिइसकेको छ। विश्वभर एक लाख पाँच हजार ८३६ पुगेको छ भने यसका कारण तीन हजार ५९५ व्यक्तिको मृत्यु भएको छ। ग्रीनविच समय अनुसार शनिबार साँझ ५ बजेपछि करिब २४ घण्टामा विश्वभर थप सङ्क्रमितको सङ्ख्या एक हजारभन्दा बढी रहेको र ३९ जनाको मृत्यु भएको बताइएको छ। डिसेम्बरमा चीनको मध्य क्षेत्रमा कोरोना भाइरसको सङ्क्रमणको पुष्टि भएपछि विश्वभर चिन्ताको बिषय बनेको यस स्वास्थ्य समस्याका कारण एशियामा सबैभन्दा बढी ८९ हजार ५२५ जनामा सङ्क्रमण पुष्टि भएको छ। सङ्क्रमणका कारण शनिबारसम्म एशियामा तीन हजार १६२ जनाको मृत्यु भएको छ।

त्यस्तै यूरोपमा कोभिड-१९ सङ्क्रमित सङ्ख्या नौ हजार ६६५ रहेको छ भने २६३ जनाको मृत्यु भएको छ। मध्यपूर्वमा छ हजार १५८ सङ्क्रमित व्यक्ति रहेका छने भने १४९ को मृत्यु भएको छ। अमेरिका र क्यानडामा गरी कूल २७० जनामा सङ्क्रमण पुष्टि भएको छ भने १६ जनाको मृत्यु भएको छ।

सबैभन्दा पहिले कोभिड-१९ को सङ्क्रमण भएको भनिएको मुख्यभूमि चीनमा डिसेम्बरदेखि शनिबारसम्ममा ८० हजार ६९५ व्यक्तिमा सङ्क्रमणको पुष्टि भएको छ भने यसबाट सो अवधिमा यहाँ तीन हजार ९७ जनाको मृत्यु भएको छ। शनिबार साँझ ५ बजेपछि करिब १८ घण्टाको अवधिमा चीनमा थप सङ्क्रमितको सङ्ख्या ४४ रहेको छ भने यही समयमा कोरोना सङ्क्रमणका कारण २७ जनाको मृत्यु भएको छ। चीनमा करिब २० दिन पहिले सङ्क्रमणका कारण एकै दिनमा दुईसय भन्दा बढीको मृत्यु हुने गरेको थियो।

अहिलेसम्म चीनबाहिर सङ्क्रमितको सङ्ख्या २५ हजार १४१ रहेको छ भने ४९८ जनाको मृत्यु भएको छ। त्यस्तै शनिबार साँझ ५ बजेपछि समाचार तयार पार्दासम्म करिब १८ घण्टामा विश्वभर थप ८८९ जनामा सङ्क्रमण पुष्टि भएको र यो समयमा १२ जनाको मृत्यु भएको बताइएको छ।

कोरोनाभाइरसका कारण चीनपछि सबैभन्दा बढी प्रभावित पाँच मुलुकहरूमा क्रमशः दक्षिण कोरिया, इटली, इरान, फ्रान्स र जर्मनी रहेका छन्।

दक्षिण कोरियामा सात हजार ३१३ सङ्क्रमित रहेका छन् भने ५० जनाको मृत्यु भएको छ। इटलीमा पाँच हजार ८८३ सङ्क्रमित भएका छन् भने २३३ को मृत्यु भएको छ। इरानमा पाँच हजार ८२३ जनामा सङ्क्रमण पुष्टि भएकोमा १४५ जनाको मृत्यु भएको छ। त्यस्तै जापानमा शनिबारसम्म फ्रान्समा ९४९ सङ्क्रमितमध्ये १६ जनाको अहिलेसम्म मृत्यु भएको छ।

जर्मनीमा फेब्रुअरीको अन्तिम दिनसम्म ६६ जनामा सङ्क्रमण पुष्टि भएकोमा यो सङ्ख्या त्यसपछिको एक हप्ताको अन्तरालमा ६८४ पुगेको छ भने जापानमा विदेशी एक पानी जहाजमा सङ्क्रमण भेटिएका यात्रुबाहेक कूल ४३८ जनामा सङ्क्रमण पुष्टि भएको छ। दक्षिण कोरियामा कोरोना भाइरस सङ्क्रमण विगत २४ घण्टामा थप २७२ व्यक्तिमा पुष्टि भएको दक्षिण कोरियाली अधिकारीहरूले जनाएका छन्। यससँगै दक्षिण कोरियामा यस भाइरसबाट सङ्क्रमितको सङ्ख्या सात हजार ३१३ पुगेको छ। विगत एक सातालाई मुल्याङ्कन गर्दा कोरियामा नयाँ सङ्क्रमणदरमा निकै कमी देखिएको उल्लेख छ। यहाँ गत साताको मध्यतिर सङ्क्रमण दर दैनिक ५०० भन्दा बढी रहेको थियो। कोभिड-१९ पनि भनिने यो भाइरसका कारण उक्त समयमा कसैको पनि मृत्यु नभएको दक्षिण कोरियाले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ।

यहाँको स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार कोभिड-१९ सङ्क्रमणका कारण देशभर ३६ जनाको स्वास्थ्य अवस्था गम्भीर रहेको छ। विश्वव्यापी चिन्ताको बिषय बनेको यस भाइरसको सङ्क्रमणका कारण भएको मृत्यु दर ०.७ रहेको छ। दक्षिण कोरियाको डेगु सहर र उत्तरी ग्योङसाङ प्रान्तमा मात्र सात हजार १०३ व्यक्तिमा सङ्क्रमण भेटिएको छ। यो दक्षिण कोरियामा सङ्क्रमितमध्ये ९० प्रतिशतभन्दा बढी व्यक्ति यिनै दुई स्थानका व्यक्तिहरू रहेका छन्। राजधानी सियोल र ग्योङ्गी प्रान्तमा क्रमशः १२० र १४१ जनामा कोरोना भाइरस सङ्क्रमणको पुष्टि भएको छ। दक्षिण कोरियाले देशलाई कोरोनाभाइरस सङ्क्रमणका कारण देशभर स्वास्थ्य आपत्कालको घोषणा गरी नियन्त्रण प्रयास गरिरहेको छ।

## सिरियामा सडक दुर्घटनाः इराकीसहित ३२ जनाको मृत्यु

सिरियामा शनिबार भएको सवारी दुर्घटनामा परी कम्तीमा ३२ जनाको मृत्यु भएको छ। मृत्यु भएकामध्ये केही इराकी नागरिक पनि रहेको अधिकारीले आइतबार जनाएका छन्। एउटा ट्याङ्करले दुई वटा बसलाई ठक्कर दिँदा अरु धेरै सवारीसाधन ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ। सिरियाको राजधानी दमास्कसदेखि होम्स प्रान्त जाने(आउने बाटोमा दुर्घटना भएको बताइएको छ। ट्याङ्करको ब्रेक फेल हुँदा अरु १५ वटा सवारीसाधन र दुई वटा ठूला बसलाई ठक्कर दिएको थियो। ती ठूला बसमा बढीजसो इराकी यात्रु रहेका जनाइएको छ। गृहमन्त्री मोहम्मद खालेद अल रहमानले घटनामा परी अरु ७७ जना घाइते भएको जानकारी दिनुभयो। राजधानी दमास्कस नजिकैको धार्मिकस्थलतर्फ गइरहेको बेला सो दुर्घटनामा परेका अधिकाँश शिया मुस्लिम धर्मावलम्बी रहेको बताइएको छ।

## भारतीय यस बैंकका संस्थापक राना पक्राउ

भारतको समस्याग्रस्त घोषणा गरिएको यस बैंकका संस्थापकलाई आइतबार सम्पत्ति शुद्धिकरणको आरोपमा पक्राउ गरिएको छ। भारतमा निजी क्षेत्रको चौथो ठूलो यस बैंकको वित्तीय अवस्था कमजोर भएसँगै भारतीय रिजर्भ बैंकले कारोबारमा अस्थायी प्रतिबन्ध लगाएको छ। भारतको केन्द्रीय बैंकले आकस्मिक रुपमा शुक्रबार मध्यराति उक्त बैंकलाई नियन्त्रणमा लिनुका साथै बैंकबाट ५० हजार भारुभन्दा बढी रकम झिक्न नपाइने गरी प्रतिबन्ध लगाएको थियो। पछिल्ला दिनहरुमा बढ्दै गएको खराब कर्जाका कारण बैंकमाथि सङ्कट आएको थियो। भारतको वित्तीय अपराध सम्बन्धी जाँच एजेन्सीका अधिकारीहरुले आइतबार बिहान ३ बजे बैंकका संस्थापक राना कपूरलाई मुम्बईस्थित निवासबाट पक्राउ गरेका थिए।

जाँच एजेन्सीका एक अधिकारीले एएफपीलाई बताएअनुसार रानाले बैंकसम्बन्धी अनुसन्धानमा असयोग गरेपछि पक्राउ गरिएको हो। यस बैंकले पनि रानाको गिरफ्तारीको पुष्टी गरेको छ। अधिकारीहरुले मुम्बईस्थित र ानाको भव्य महलमा छापा मारेको थियो। भारतीय रिजर्भ बैंकले यस बैंकका ग्राहकलाई एक महिनाको अवधिमा ५० हजार भारतीय रुपैयाँ मात्र झिक्न पाउने व्यवस्था गरेपछि ग्राहकहरुमा निराशा छाएको छ। मानिसहरु यस बैंकका एटिएम र शाखाहरुमा शुक्रबार र शनिबार लामो लाइनमा बस्न बाध्य भएका थिए।

# सत्रु, सल्लाहकार र सफलता



दामोदर ढकाल 'दिपक'

कुनै पनि अभियानको शुरुवात गर्नुभयो भने यो बुझ्नुहोस् । तपाईंले थप सत्रु जन्माउदै हुनुहुन्छ । सत्रु जन्माउने सजिलो उपाय हो अभियान सुरु गर्नु । तपाईंलाई चिनेका बुझेकादेखि नचिनेका नबुझेका समेत सत्रु बन्छन् । सबैको मनमा बस्न अभियान शुरु गरिन्छ तर विडम्बना बिरोधी र सत्रुहरु आफैं उत्पन्न हुन्छन् ।

यो बाल साहित्यमा जागरण युग शुरु गर्न सानो अभियानको लागि मलाई सधैं मार्गदर्शन प्रदान गर्ने गुरुलाई भेटन जादा उहाँले मलाई माथिका कुरा भन्नुभएको थियो ।

हुन त मैले प्रकाशन व्यवसाय संचालन गर्दा नि उहाँले भन्नुभएको थियो । यो व्यवसाय तेरो क्षमताले धान्ने विषय चाहिं होइन तर योजना बनाइसकेपछि कार्यान्वयन गर्नु पुरुषको धर्म हो। अगाडि बढ् , जोगी र लेखक सानोतिनो साधनाले बन्दैन, तसर्थ यी दुबैको सम्मान गर्नु ।

तब मैले भनेको थिए, जोगी त पलायनवादी चिन्तन भएका हुन्छन् , कसरी सम्मान गरौ ।

मेरो कुरामा उहाँ हाँस्नु भयो र भन्नुभयो, जोगी समाजमा पलायन भएका धेरै हुन्छन्, तर लेखक देखासेखीले हुने, समाजमा आदर्श पात्र बन्न चाहाने र साच्चिकै भावना र संवेगलाई जिवन्त बनाउने, अनुसन्धान गर्ने, अन्याय नसहेर लेखिहाल्ने, धेरै प्रकारका हुन्छन् । पछि चिन्दैजान्छस् । तर जो जस्तोसुकै होस् तैले लेखक र जोगीको सम्मान गर ।

गुरुको कुरा सुनेर आएपछि लेखक र जोगीमाथि श्रद्धाभाव जाग्यो । केही समय त जोगीलाई पाले पनि । जोगीले मेरो श्रद्धा बुझेछन् माया धेरै गरे पछि ती जोगी न परे हराए । अन्तै गए बेला बेलामा भेट हुन्छ । तर म उहाँलाई सम्मान गर्छु ।

जोगी गएपछि गुरुले भन्नुभयो, लेखक पनि ठ्याक्कै जोगी जस्तै हुन् उनीहरु पनि आउँछन्, जान्छन् तर तैले जहाँ भेट्दा नी सम्मान गर्नु ।

गुरुले भनेको यो गुरुवाक्य यथार्थ निस्कियो , अन्य प्रकाशनका लेखक मकहाँ नि आए, मेरो पब्लिकेशनका लेखक अन्त पनि गए । काम गर्दै जादा गुरुवाक्य सत्य निस्कियो ।

गुरुले हरेक भेटमा भन्नुहुन्थ्यो , जीवन अनुभव हो , समस्या दाजुभाइ जस्ता हुन् र सत्रु सल्लाहकार हुन् पीर नगर्नु ।

गुरुको म असल चेलो मानिन्छु, दुखपर्दा खान, लाउन समस्या पर्दा उहाँले तँ जहिल्यै आएर यो गुरू आश्रम प्रवेश गर्ने छुट छ भन्नुभएको छ । काम गर्दा नआत्तिनु तर समयमा गर्नु, मौसम,बजार भाउले जसरी अन्नलाई प्रभावित बनाउछ ठ्याक्कै त्यस्तै हो काम । बिग्रदा नआतिनु र सप्रिदा पनि खुशी नहुनु ।

यी गुरुवाक्यले मलाई सधैं कन्फिडेन्स दिन्छ । महिनामा एकदिन उहाँकोमा सधैं जान्छु । म व्यस्त भएर गइन भने तेरो व्यवसायलाई ताल्चा ठोकेर आइज । तर आइज । जति व्यस्त भए नि जान्छु । सबै रिपोर्ट बुझाउछु । ऋणको बोझले थलिएको बेला समेत तँ बल्ल साहु हुन लागिछस् भन्ने गुरू, पारिवारिक किचलोले अशान्त हुदाँ बल्ल महान व्यक्ति बन्ने लक्षण देखापरेछ भनेर धाप मार्ने गुरू , मेरा लागि ईश्वर नै हुनुहुन्छ ।

म बालसाहित्यको जागरण युग ल्याउछु भनेर जादा उहाँले शुरुमा गाली गर्नुभयो । अध्ययन गर, अनुसन्धान गर, आफै लेख तर धेरैलाई नसमेट, जति धेर समेटछस् , तेतीधेरै आर्थिक भार र सत्रु पैदा हुन्छन् । तर पुरुष होस् सोचेको पूरा गर, सबैलाई अगाडि बढाउदा आफु नि सहभागी हुनु ।तेरो एउटा भए नि कृति मैले पाउनुपर्छ ।

मैले गुरु दक्षिणा दुई कृति लगायत ६३ कृर्ति दिए । मनमा डर थियो, साधना र पर्याप्त अनुसन्धान विना लेखेको थिए । तर पछि ६३ पुस्तक मध्य मेरो तुलसी र ज्योतिषलाई उहाँले राखेर ६२ पुस्तक फिर्ता दिनुभयो ।

तेरो यो तुलसी र ज्योतिष यस्तो कृति हो । जुन संस्कार , संस्कृति , इतिहास , अन्धविश्वाश, रीस, राग , लोभ लालज र ईश्वर र विजय सबै हो । अर्थात संसार हो, समाज हो । कृति यस्तो हुनुपर्छ ।

म दङ्ग परे र बालसाहित्यको यो वर्षको मैजारो उत्सवको कुरा उठाए । उहाँ रिसाउनु भयो शहरमा जग्गा नहुनेले हात्ती पालेर के खुवाछस् र कहाँ हगाउछस् । पुरुष होस् आटेपछि घर तर चराको गुड बनाउनु ।

गुरुले त्यसो भन्नू,लेखकहरुमा क्रमश उत्साह घट्नु र कोरोना भाइरसले संसारलाई त्राहीमान बनाउनु , यी सबै कुराले मैझारो उत्सव हात्तीको तबला नभइ चराको गुड हुने निश्चित भइसकेको छ । म मख्ख र दङ्ग छु । समस्या दाजुभाइ हुन् सत्रु सल्लाहकार हुन् । जे हुन्छ राम्रोका लागि हुन्छ, राम्रै हुन हुन्छ ।

गुरुकोमा पुनः गए । चैत्रको अन्तिम दिन घोषणा गरेर , मंसिरको आधुनिक साहित्य परिषद् को कार्यक्रममा कार्यान्वयन गर्नुपर्छ मैले । मंसिर भित्र्याउने महिना हो । ७७ को वार्षिकोत्सब नियात्रामय हुनेछ भनेर मैले अभियान बनाएको छु । नियात्राको लागि भ्रमण पहिलो शर्त हो । भ्रमण गरेर मात्र भएन, भ्रमणका कुरा शब्दमा उतार्नु पनि पर्यो । बालसाहित्य जस्तो यो सफल नहुन सक्छ । बाल साहित्यमा जस्तो सत्रु नकमाइन सकिन्छ । मनमा आँधी हुरी र हुण्डरी चल्यो । मनमा कुरा खेल्नासाथ गुरू आदेश छ मलाई भेट्नु भन्नू । म गूरुकोमा गए र सोधे मन आत्तियो अभियान कसरी पूरा गर्ने रू

गुरू मुसुक्क मुस्कुराउनु भयो । मलाई कागती पानी खान दिनुभयो । कागती पानी पिउने क्रममा कागतीको बीउ आयो । मैले उक्त बीउ हुत्याउन लाग्दा भन्नुभयो । यो बीउ लाखौं कागती फलाउने बीउ हो । यसलाई जतनले राख्नु , यसपालि कम्तिमा १०० जनासँग ३ घन्टाको दरले यात्रा गर्नु । र आफै कृति लेख्नु । प्रकाशक होइन आफु लेखक भएर उक्त अभियान सफल बनाउनु सय जनालाई सम्मान गर्नु ।

कहाँ खोज्नु सय लेखक र यात्रा गर्नु रू मैले जिज्ञाशा राखे । लेखक नै किन चाहियो यात्रा गर्ने साथी खोज्नु । कम्ती २ नत्र लामा दिन हुन्छन् तीन जनासँग यात्रा गर्नु राति १२ बजेसम्म ओछ्यानमा नै कम्प्युटर राखेर टाइप गर्नु । जहाँ तँसँग यात्रा गर्नेको दुखसुख र यात्रा गरेको स्थान समेटियोस् ।

ख्याल राख् यसपालि त आफ्नो सत्रु आफै हुनेछस् ।सधैं अरु सत्रुले काँडा र डाठको काम गरेर त फुलिस यसपालि आफै काँडा, आफै डाठ, आफै फूल , आफै फल ।

## वेदमणि अभिनव वर्षोत्कृष्ट गजल पुरस्कार नेपाललाई

काठमाडौं । अभिनव साहित्य समाजले यस वर्षको वेदमणि अभिनव वर्षोत्कृष्ट गजल पुरस्कारबाट नारायण नेपाल मिश्रणलाई पुरस्कृत गरेको छ । समाजको २१७ औं मासिक साहित्यिक शृङ्खलाका अवसरमा शनिबार आयोजित शिशिर काव्य गोष्ठी र १९औं वार्षिकोत्सवका अवसरमा रु सात हजार नगदसहित नेपाललाई गजल पुरस्कारबाट सम्मान गरिएको हो । सो अवसरमा विशिष्ट साहित्यिक अभियानकर्मी तथा संस्कृतिविद् शीतल गिरी एवं अर्का साहित्यिक अभियानकर्मी तथा सर्जक वसन्त रिजाललाई पनि सम्मान गरिएको थियो ।

समाजका अध्यक्ष गोविन्दप्रसाद घिमिरे 'वेदमणि'ले सम्मानित व्यक्तित्वका विषयमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा वरिष्ठ पत्रकार एवं साहित्यकार विजय चालिसे, गोपाल बराल, नवराज पुडासैनी ज्योत्स्ना, डा विदुर चालिसे र डा शेषराज आचार्य तथा सम्मानित तथा पुरस्कृत व्यक्तित्वत्रयले साहित्य साधनामा योगदान गर्नेलाई समाजले प्रोत्साहित गरेको बताउनुभयो ।

समाजले २०५७ फागुन २४ गते शनिबारदेखि मासिक साहित्यिक कार्यक्रम शुरुआत गरेको थियो । कार्यक्रममा समाजका उपाध्यक्ष कोमल लामिछाने, शारदा पराजुली, परशुराम पराजुली, मेनका आचार्य पोखरेल, घनश्याम प्रसाईं, सुमन पुडासैनी, विमल अर्याल, कुसुम शर्मा, पवन सङ्ग्रौला, रामकुमार पण्डित, ओमप्रसाद कोइराला, हरि डाँगी, रमेशजङ्ग थापा, माधवलाल श्रेष्ठ, सम्पत काफ्ले, प्रदीपरत्न शाक्य, ढुण्डिराज पोखरेल, खोलाघरे साहिँलो, दुर्गा अधिकारी भ्रमरकोटे, पुष्पा धमला, यदुनाथ वसन्तपुरे, गोपालकृष्ण रिजालगायत ४६ कवि एवं कवयित्रीले रचना पाठ गर्नुभएको थियो ।

कार्यक्रममा वाचन गरिएका कविता, गीत, गजलमध्ये पदम मुरारी वाइङ राई, बीपी इलामे, डिल्लीप्रसाद मूलतिउन र विनोद वत्सलाई पनि पुरस्कृत गरिएको थियो । कार्यक्रममा गजल साधक डा घनश्याम परिश्रमीले कविता, गजल र मुक्तक लेखनमा पछिल्लो समय उत्कृष्ट रचना आउन थालेको बताउनुभयो ।

## टेलिकमको मोबाइल सेवा सिष्टमको अपग्रेड

नेपाल टेलिकमले मोबाइल सेवाको सिष्टम अपग्रेड कार्य यही फागुन २२ गते सम्पन्न गरेको छ । कम्पनीले डाटा सेवाका लागि विगतदेखि सञ्चालन गरिरहेको पीसीआरएफ (PCRF-Policy and Charging Rules Function) सिष्टमबाट जिएसएम प्रविधि अन्तर्गतको वायरलेस डाटा सेवाका लागि क्षमता पर्याप्त नभएकाले नयाँ पिसिआरएफ सिस्टम जडान गरी पुराना ग्राहकहरुलाई स्तरोन्नति गरिएको सिस्टममा माइग्रेट गर्ने कार्य सम्पन्न गरेको हो । पीसीआरएफ सिस्टमलाई स्तरोन्नति गरे पश्चात् सेवाग्राहीले उच्च गतिमा डाटा सेवा सहजरुपमा प्रयोग गर्न सक्नेछन् । यसबाट डाटाको स्पिड बढ्नुका साथै डाटा चलाउदै गर्दा प्याकेजको रकम ८० प्रतिशत सकिएमा र सबै प्याकेज सकिनै लागेमा सेवाग्राहीले अलर्ट मेसेज पनि प्राप्त गर्नेछन् । यस स्तरोन्नतिबाट कम्पनीको जीएसएम टुजी/थ्रीजी/फोरजी अन्तर्गतका डाटा सेवा ग्राहकवर्गका लागि थप प्रभावकारी र आकर्षक हुने कम्पनीको विश्वास रहेको छ ।

गजल



जय कुमार पौडेल
हेटौंडा-८, कमाने

यो जिन्दगीको लाली ,,, गुराँसमा तिमी नै
हर फूलमा तिमी नै ,,,,, सूवासमा तिमी नै ।

छैनन् कोही सुगन्धी , अर्को कुनै जगतमा
मनले वसन्त खोज्दा ,मधुमासमा तिमी नै ।

मैले पुजेर राखें ,,,,,,, मेरो पियार दिलको
हौ गाँस बास मेरो ,,भोकप्यासमा तिमी नै ।

एक्छिन तिमी नदेख्दा,बन्नेछु लास जस्तो
हौ प्राणको सहारा ,,,, यो सासमा तिमी नै ।

मैले तिमी तिमी नै ,,,,, देख्छू जहाँ गए नी
भेटे उमङ्ग मीठो ,,,,,,, उल्लासमा तिमी नै ।

मेरो नयनको ज्योती,मायाबिना छु अन्धो
मैले छुने पवनको ,,,, आभासमा तिमी नै ।

कविता

## मेरी प्रियसी



प्रेमा संगम

म मरेपछि मेरो सम्झनामा
कुनै उराठ लाग्दो गीत नगाउँ
म मरेर मृत्युलोकमा पुगेपछि
मलाई मायाप्रेमको के अर्थ
त्याहा तिमिले मलाई देख्ने छैनौ ।
र मैले तिमिलाई देख्ने छैन ।
म कहिले नउदाउने र नअस्ताउने
गोधुली साँझको अर्ध प्रकाशको
अर्ध तान्द्रामा तल्लीन भएर
सपना देखिरहेको हुनेछु ।
तस्वीर मेरो सजाएर सिंहसनमा
तिमिले प्रर्थना गर्दैमा
म कदापी फर्कने छैन
म त एउटा तस्वीरमा हुने छु ।
मुर्ति र चित्रमा हुने छु ।
त्यसैले
म मरेपछि तिमिलाई
अनुभव पनि गर्ने छैन प्रिय
मेरो प्रेम
एउटा अलिखित इतिहाँस रहने छ ।
एउटा अमुर्त प्रेम रहने छ ।
एउटा अधुरो यात्रा रहने छ ।
तर
मेरो प्रेम सधै अमर रहने छ ।

कविता



विनोदकुमार श्रेष्ठ

ति धेरै भावनामा डुबेको हुन्छु म
नदीको सतह भन्दा मुनि पुगेको हुन्छु म
भन्छौ होला पागल झैं यो रुन्छ सधैं
लक्ष्य बाट पटक-पटक चुकेको हुन्छु म

छता-छुल्ला भता-भुङ्ग हुन्छ जहिल्यै
जे-जे खुसीहरू साँची रहेको हुन्छु म
कति पीडा हुन्छ मलाई त्यो बखतमा
जब सपना र मेरो नाता तोडेको हुन्छु म

आफ्ना-सपना सबै टुट्दा-छुट्दा म बाट
सिर्फ एक्लै हुन्छु अनि रोएको हुन्छु म
यति धेरै भावनामा डुबेको हुन्छु म
नदीको सतह भन्दा मुनि पुगेको हुन्छु म

कविता



मोहन कार्की

२०२० सालको नेपाल भ्रमण बर्ष
हामिलाइ लागेको छ असाध्यै हर्ष
माथिवाट खिम्ती झर्छ तल तामाकोसी
आउदै छ जेठो दाइ सामाल त'मल बोकि
डाडामाथी गित गाउछ साइलो मादल ठोकी ठोकी
लालिगुराश, छिरु झुम्काहहरु फुल्दै
कति सुन्दर हिमाल देख्छौ बिहानीमा उठ्दै
कोइलिको कुहुकुहु जङ्गलहरु डुल्दा
रमाउदै बस्छ माइलो भनी
प्रदेशवाट कान्छो आउने होकि
डाडामाथी गित गाउछ साइलो डम्फ' ठोकी.ठोकी
रामेछापको डाडावाट हेरे कति टाढा टाढा
सैलुङ, थोदुङ, खाडादेबी रस्नालुमा भिमसेवनस्थान
हिलारी तेन्जिङ दोर्जे होडेको
शिवलय देउराली सगरमाथा जान
स्वाद मान्छन आज पनि रिल्दुकको खान
स्वाभिमानी बन्न काम गर्छन् उद्देश्य बोकी
डाडामाथी गित गाउछन साइलो ढोलक ठोकिठोकी
मादल ठोकी ठोकी
डम्फु ठोकी ठोकी
ढोलक ठोकी ठोकी

# यामाहा एनम्याक्स १५५ नेपालमा

काठमाडौं । यामाहाले एनम्याक्स १५५ नेपाल आएको छ । एनम्याक्सलाई नेपालमा एमएडब्लु इन्टरप्राइजेज प्रालिले केही विशेष ग्राहकहरुको मागमा इण्डोनेसियाबाट आयात गरेको हो ।

विश्वव्यापी रुपमा अत्याधिक लोकप्रिय यामाहा एनम्याक्स, पावर बाइकको र सुविधा स्कूटरको अपेक्षा गर्ने व्यक्तिहरुका लागि एक अत्यन्त उपयुक्त स्कुटर सावित भैसकेको छ । यो सवारीमा प्रिमियम डिजाइन र एनम्याक्स १५५ लाई स्पोर्टी एवं परिष्कृत बनौट प्रदान गरेको छ जबकि यसमा रहेको बूमराङ्ग साइडको परिकल्पना र केन्द्रीय टनेलले यसको मजबुत यामाहा म्याक्स विरासतको उजागर गरिदिन्छ ।

एनम्याक्स १५५ लाई त्यस प्रकारको स्पोर्टी प्रस्तुतकर्ता बनाउनमा यसमा भएको परिवर्तनशील भल्भ प्रवर्तन ( भिभिए) प्रणाली नै यसको एक प्रमुख विशेषता हो । फोर भल्भ सिलिण्डर हेडले एक विशेष क्यामशाफ्ट प्रयोग



गर्दछ जसले इन्जिनलाई न्यून र उच्च इन्जिन गतिहरुमा अझ अधिक दक्षताका साथ संचालन हुन, सबै रेभ दायराहरुमा बलियो तीव्रतापूर्ण बेग दिन,र सँगसँगैं राम्रो इन्धन खपत प्रदान गर्न सक्षम बनाउँछ । एनम्याक्स १५५ एक अत्यन्त मजबुत र हल्का तौलको ट्युबलर फ्रेमका साथ निर्मित छ, जसले स्पोर्टी सवार र सहज ह्याण्डलिङ्गकासाथ स्थिर ह्याण्डलिङ प्रदान गर्दछ । दोहोरो सक रियर सस्पेन्सन प्रणाली र मिहीन कार्यको टेलिस्कोपिक फ्रन्ट फोर्क्स, उच्च विशिष्टिकरण च्यासिस जस्ता विशेषताहरुले यो सुनिश्चित् गर्दछ कि तपाईं र तपाईंसँगै यात्रा गर्नेलाई हरेक पटकको सफरमा सुविधा दिलाउँछ ।

बलियो र असरदार रोक्ने कार्य प्रदर्शनको लागि एनम्याक्स १५५ मा २३० मिमि फ्रन्ट डिस्क र २३० मिमि रियर डिस्क सुसज्जित गरिएको छ जसले सहज ब्रेक लगाउनका लागि पर्याप्त अवसर प्रदान गर्छ ।

यो उच्च कल्पनाको स्कूटर एबिएस मापदण्डअनुरुप उपलब्ध छ, जसले तपाईंलाई अझ बढी नियन्त्रणयोग्य ब्रेकिङ पावर प्रदान गर्छ र विभिन्न परिस्थितिहरुमा आत्मविश्वास बढाइदिन्छ । सार रुपको एनम्याक्स १५५ अति कसिलो पार्किङ स्थलमा समेत फिट हुनेछ र अझै बाहिरी भागमा सानो भएको हुनाले तपाईंले भित्र चालकको गोडा राख्न र तपाईंको यात्रुको लागि प्रशस्त स्थानसहितको आश्चर्यचकित पार्ने ठाऊँहरु फेला पार्न सकिने छ । लामो आकारको दोहोरो सीटको डिजाइन सुविधाको उच्चतम स्तरको सुनिश्चित्ता दिन गरिएका छ र यसमा पूरा मुहार डाक्ने हेलमेट राख्ने भण्डारण स्थल पनि छ । स्कूटरमा भएको कम तौलको कास्ट एलो १३ इन्चको पाङ्गाहरुले यसको स्पोर्टी स्टाइल र प्रिमियम स्पेसिफिकेसन र फराकिलो ११०र७०-१३ को अग्र टायर र ठूलो १३०र७०-१७ को पछाडी टायरको खण्डलाई रेखाँकित गर्दछन् । एनम्याकस १५५ को मुखाकृतिमा जोडी- आँखा एलइडी हेडलाइटको डिजाइन गरिएको छ, जुन तेस्रो केन्द्रीय बत्ति उच्च बीम मोडमा आउँदा कम बीममा देखिन्छ । यसैगरी पृष्ठ भागमा एक स्टाइलिस एलइडि स्टप लाइट छ र पढ्न सजिलो हुने एलसिडि औजारहरु जसमा बार किसिमको इन्धन गज, स्पीडओ, घडी र इन्धन खपत डाटा समेत रहेका छन् ।

सुविधाको अनुभव संगाल्न सकिन्छ ।

यसमा फ्युल इन्जेक्टेड इन्जिनको साथमा यामाहाको अत्याधुनिक प्रविधि ब्लु कोर प्रविधि प्रयोग गरिएको छ ।

यो नवीनतम डिजाइनको लक्ष्य बाइकको दहन र चिसोपन दक्षता वृद्धि गर्न तथा, साथै सोही समयमा पावर क्षति कम गराउँदै उच्च द्रूत गतिसहितको तीव्र बेग र इन्धनको खपत कम गर्नमा केन्द्रित छ । यो स्कूटरमा दिइएको स्लीक ढाँचाको स्पोर्टी बनौट र प्रिमियम डिजाइन हाम्रो स्पोर्टी स्कूटरहरुबाट अत्यन्त प्रभावित भएको पाइन्छ । यसको एकीकृत पृष्ठभागको समाप्तीले

## सोमवार होली पर्वका दिन बागबजारमा देखिएको दृष्य



# ईकोस्पोर्ट नेपाली बजारमा

काठमाडौं । नेपालका लागि आधिकारिक बिक्रेता जीओ अटोमोबाइल्सले फोर्ड इकोस्पोर्ट सार्वजनिक गरेको छ । भारत स्टेज भिआइमा आधारित इकोस्पोर्ट पुरानो २०१९ को मूल्यमा नै निरन्तरता दिइ बजारमा ल्याएको हो ।

यस अनुसार २०२० फोर्ड ईकास्पोर्टको पेट्रोल गाडीको मुल्य रु. ३८.९९ लाखबाट र डिजेल गाडीको रु. ३९.९९ लाखबाट शुरु हुनेछ । यसबाट ग्राहकले नयाँ मुल्य निर्धारण हुनुभन्दा पहिला बुकिङ्ग गरी फाइदा उठाउन सक्ने छन् ।


२०२० मा सार्वजनिक यो गाडी ड्राइभिङ्गको लागि रमाइलो, शक्तिशाली र पेट्रोल डिजेल इन्जिनको लागि विशिष्ट रोजाइ रहेको कम्पनीको दाबी छ । ईकोस्पोर्ट डिजेलमा फोर्डको विश्वस्त र भरपर्दो बिएसभिआइमा आधारित १.५लि टिडीसिआइ डिजल इन्जिन रहेको छ । जसले १००पिएस पावर र २१५एनएम टर्की के प्रदान गर्दछ र यो म्यानुअल ट्रान्समिसनमा उपलब्ध छ ।

लाइन अपमा फोर्डको नयाँ ३



सिलिन्डरयुक्त १.५लि टिआइ भिसिटी पेट्रोल इन्जिन समावेश छ । जसले १२२पिएस पावर र १४९एनएम टर्की प्रदान गर्दछ ।

पेट्रोल इन्जिन पाँच स्पिड म्यानुअल ट्रान्समिसन र ६ स्पिड अटोमेटिक ट्रान्समिसनमा उपलब्ध छ । २०२० संस्करण इकोस्पोर्ट ३ वर्ष वा १ लाख किमिको वारेन्टीका साथ आउने यी गाडीहरुको सेग्मेन्टमा सबैभन्दा कम स्वामित्व खर्च रहेको छ । यस संस्करणमा पनि ईकोस्पोर्टले आकर्षक वाहिरी बनावट, आरादायी भित्री बनावट तथा स्टाइललाई कायम राखेको छ । साथै, यो सनरुफजडित भेरियन्टमा पनि उपलब्ध छ । ईकोस्पोर्टमा ग्राहकहरुका लागि अतुलनीय सुरक्षा, आरामदायी सवारीका साथै हरेकपल कनेक्टेड रहन उच्चतम प्रविधिहरु जडान गरिएको छ ।







जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस